जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ८० • २०८३ साल साउन २३ गते शनिबार (8 August, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–

## 'हिन्दु सम्राट सेना' माथि प्रतिबन्ध लगाउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम । श्रम संस्कृति पार्टीका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य हर्क साम्पाङले आफूलाई हिन्दु सम्राट सेना भनेर चिनाउने समूहबारे सरकारले तत्काल छानबिन गर्नुपर्ने र आवश्यक परे प्रतिबन्ध लगाउनुपर्ने माग गरेका छन् । प्रतिनिधिसभाको बैठकमा शुक्रबार विशेष समयमा बोल्दै उनले राज्यको सुरक्षा संरचनाबाहिर 'सेना' शब्द प्रयोग गरेर सञ्चालन हुने कुनै पनि संगठनलाई अनुमति दिन नहुने धारणा राखे ।

अध्यक्ष साम्पाङले नेपालमा संवैधानिक रूपमा राष्ट्रिय सुरक्षाको जिम्मेवारी नेपाली सेनासँग रहेकाले त्यसको समानान्तर वा त्यससंग भ्रम सिर्जना गर्ने गरी कुनै समूह सक्रिय हुनु गम्भीर विषय भएको बताए ।

उनले संसदमा प्रश्न उठाउँदै साम्पाङले भने, 'हिन्दु सम्राट सेना-यो कस्तो सेना हो ? नेपाली सेनाको समानान्तर हो कि कस्तो हो ? सरकारले यसको खोजी गरोस् । सेना नामका समूह जे-जति छन्, सबैलाई निषेध गरोस् । अन्यथा अरू कसले सेना बनाउन पाउने हो ? अरूलाई पनि सुविधा दिने हो कि ? होइन भने यो अनुमति कसैलाई पनि हुनु हुँदैन ।'

उनले उठाएको विषय केही समयअघि सुनसरीमा भएको घटनापछि राष्ट्रिय बहसको विषय बनेको हिन्दु सम्राट सेनासंग सम्बन्धित छ । उक्त घटनापछि सामाजिक सञ्जालमा आफूलाई हिन्दु सम्राट सेनासंग आबद्ध बताउने व्यक्तिहरूका गतिविधि र अभिव्यक्तिहरू सार्वजनिक भएका थिए । त्यसपछि यस्तो समूहको वैधानिकता, उद्देश्य र गतिविधिबारे प्रश्न उठ्न थालेका थिए ।

घटनापछि सुरक्षा निकायले पनि यस विषयलाई चासोका साथ हेरेको थियो । यद्यपि सरकारको तर्फबाट उक्त समूह कानुनी रूपमा दर्ता भएको संगठन हो वा अनौपचारिक अभियान मात्र हो भन्ने विषयमा विस्तृत सार्वजनिक धारणा आएको छैन ।

उनले कुनै सामाजिक, धार्मिक वा राजनीतिक उद्देश्य राखेर संगठन खोल्न पाइने भए पनि सेना जस्तो संवेदनशील शब्द प्रयोग गरेर समानान्तर शक्ति प्रदर्शन गर्ने अभ्यास स्वीकार्य हुन नसक्ने बताए ।

### ढल्केवर ट्रमा सेन्टर निर्माणको माग चर्कियो

## स्थानीयवासीद्वारा आन्दोलनको घोषणा, राजमार्गमा चरणबद्ध चक्काजाम गर्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-७ स्थित ढल्केवरमा निर्माण प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सार्ने प्रयास भएको भन्दै स्थानीयवासी आन्दोलनमा उत्रिएका छन् । ट्रमा सेन्टर पूर्वनिर्धारित स्थानमै निर्माण गर्नुपर्ने माग गर्दै गठित संघर्ष समितिले शुक्रबार ढल्केवरमा पत्रकार सम्मेलन गरी चरणबद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको छ ।



संघर्ष समितिले सरकारको ध्यानाकर्षण गराउन साउन २३ गते साँझ ढल्केबरमा राँके जुलुस निकाल्ने जनाएको । त्यसको भोलिपल्ट साउन २४ गते पूर्वपश्चिम राजमार्गअन्तर्गत ढल्केबर क्षेत्रमा आधा घण्टा चक्काजाम गरिनेछ । माग सम्बोधन नभए आन्दोलनलाई थप सशक्त बनाउँदै साउन २५ गतेदेखि चक्काजामको अवधि क्रमशः बढाइने संघर्ष समितिको चेतावनी छ ।

समितिले सार्वजनिक गरेको कार्यक्रम अनुसार साउन २६ गते बिहान ११ बजेदेखि दिउँसो १२ बजेसम्म तथा साउन २७ गते बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरिनेछ । यसबाट राजमार्गमा यातायात सेवा प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

यसअघि संघर्ष समितिले धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउँदै ढल्केबरमै ट्रमा सेन्टर निर्माणको निर्णय कार्यान्वयन गर्न माग गरेको थियो ।

आन्दोलनको पृष्ठभूमिमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले बुधबार प्रतिनिधिसभाको बैठकमा ट्रमा सेन्टर लहानमा निर्माण हुने जानकारी दिएको विषय रहेको स्थानीयको भनाइ छ । मन्त्रीको उक्त अभिव्यक्तिपछि ढल्केबर क्षेत्रमा असन्तुष्टि बढेको छ ।

स्थानीयवासीले संघीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमार्फत मिथिला नगरपालिका-७ स्थित साविक ढल्केवर गाविस-२ 'क' अन्तर्गत कित्ता नम्बर १६९ मा रहेको चार बिघा ऐलानी जग्गामा ट्रमा सेन्टर निर्माणका लागि पहिलोपटक बजेट विनियोजन गरेको स्मरण गराएका छन् । उनीहरूको भनाइमा सरकारले यसअघि गरेको निर्णय र बजेट व्यवस्थाविपरीत निर्माणस्थल परिवर्तन गर्न खोजिएको छ ।

मिथिला नगरपालिकाका प्रमुख महतोका अनुसार ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको सम्पूर्ण प्रक्रिया पूरा भइसकेको छ । सम्बन्धित जग्गाको लालपुर्जा समेत तयार भइसकेकाले अब सरकारले पूर्वनिर्णयअनुसार निर्माण कार्य अघि बढाउनुपर्ने उनको जोड छ ।

यता स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले शुक्रबार सामाजिक सञ्जाल फेसबुकमार्फत ढल्केवरमै ट्रमा सेन्टर निर्माण गर्ने सरकारको योजना यथावत् रहेको स्पष्ट पार्दै कुनै भ्रममा नपर्न आग्रह गरेकी थिइन् ।

तर मिथिला नगरपालिकाका नगर प्रमुख महतोले प्रतिनिधिसभामा मन्त्रीले दिएको अभिव्यक्ति र सामाजिक सञ्जालमा सार्वजनिक गरिएको स्पष्टीकरणबीच स्पष्ट भिन्नता रहेको टिप्पणी गरे ।

## ट्रमा सेन्टरको विषयमा सरकारसंग जवाफ माग

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा धनुषाको मिथिला नगरपालिका-७ स्थित ढल्केवरमा प्रस्तावित राष्ट्रियस्तरको ट्रमा सेन्टर निर्माणको विषय प्रमुख रूपमा उठेको छ । विपक्षी सांसदहरूले सरकारले यसअघि गरेको निर्णय कार्यान्वयन हुने वा नहुनेबारे स्पष्ट धारणा सार्वजनिक गर्न माग गरेपछि सभामुख डोलप्रसाद अर्यालले सरकारलाई आवश्यक जवाफ दिन निर्देशन दिएका छन् ।

बैठक शुरु हुनासाथ विपक्षी दलका सांसदहरू आफ्ना आसनबाट उठेर विरोध जनाएपछि सभामुख अर्यालले नेपाली कांग्रेसका सांसद डा. चन्द्रमोहन यादवलाई बोल्न समय दिइएको थियो ।

सांसद यादवले मधेश प्रदेशकै रणनीतिक र भौगोलिक दृष्टिले महत्वपूर्ण केन्द्रका रूपमा रहेको ढल्केबरमा राष्ट्रियस्तरको ट्रमा सेन्टर निर्माण गर्ने सरकारको पूर्वनिर्णयबाट पछि हट्न खोजिएको भन्दै आपत्ति जनाए । उनले ढल्केवर पूर्वपश्चिम राजमार्गको प्रमुख केन्द्रमा रहेको, मधेश प्रदेशका धेरै जिल्लाका नागरिकलाई सहज पहुँच हुने तथा दुर्घटनाका बिरामीलाई तत्काल उपचार उपलब्ध गराउन उपयुक्त स्थान भएकाले सरकारले पूर्वनिर्णय परिवर्तन गर्न नहुने बताए ।

उनले विगतका सरकारले बजेट विनियोजनसहित अघि बढाएको योजना कार्यान्वयन हुनुपर्ने उल्लेख गर्दै सरकारले यस विषयमा स्पष्ट धारणा सार्वजनिक नगरेसम्म आफू मौन रूपमा उभिएर विरोध जनाइरहने चेतावनी दिए ।


ढल्केवर ट्रमा सेन्टरको विषय उठिरहेका बेला सत्ता र प्रतिपक्षबीच केहीबेर संसदीय प्रक्रियालाई लिएर पनि विवाद भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले बैठक शुरु हुनेबित्तिकै जुनसुकै विषयमा उठेर अवरोध गर्ने विपक्षीहरूको शैलीप्रति असन्तुष्टि जनाएका थिए ।

## जानकी आँखा अस्पताललाई सभापतिले नै बदनाम गर्न खोजेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित जानकी आँखा अस्पताललाई सञ्चालक नेपाल रेडक्रस सोसाइटी धनुषाका पदाधिकारीद्वारा नै बदनाम गर्न खोजिएको आरोप लगाइएको छ ।

नेपाल रेडक्रस सोसाइटी जानकी आँखा अस्पताल प्रशासनले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गरी रेडक्रस सोसाइटी धनुषाका नवनियुक्त सभापति पंकज महतोले सामाजिक सञ्जालको दुरुपयोग गरी अस्पताल तथा रेडक्रसको प्रतिष्ठामा आँच पुऱ्याउने प्रयास गरेको आरोप लगाएको छ ।



अस्पतालले जारी गरेको विज्ञप्तिमा अस्पताल परिसरमा गोदाममा थन्क्याएर राखिएका पुराना धुल्याउने तथा लिलामयोग्य गाडीहरु र अस्पतालको कुना-कुचामा रहेका फोहोरको तस्बिर खिचेर सामाजिक सञ्जाल सभापति महतोको फेसबूक पेजबाट राखेर अस्पतालाई बदनाम राखिएको भन्दै आपत्ति जनाइएको छ ।

जारी गरिएको विज्ञप्तिमा अस्पतालको प्रोटोकल विपरीत शल्यक्रिया कक्षभित्र प्रवेश गरी बिना आधिकारिक समन्वय निहीत स्वार्थमा लागेका केही कर्मचारी पछ्याई अस्पताल निरीक्षणका नाममा संस्था तथा अस्पताललाई बदनाम गर्ने उद्देश्यले सभापति पंकज महतोको फेसबूक पेजबाट कुनै व्यक्तिलाई दोषी देखाउने तथा आलोचनात्मक प्रतिशोधात्मक प्रवृत्ति ध्यानाकर्षण भएको भनिएको छ ।

यस्तो गतिविधिले रेडक्रस संस्थाकै बदनाम हुने र रेडक्रसको सिद्धान्त, मान्यता तथा आचारसंहिताविपरीत हुने विज्ञप्तिमा उल्लेख छ । साथै यस्ता गतिविधिका कारण बिरामीको विश्वास टुट्ने र रेडक्रसको समेत अपमान हुने भन्दै नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयसमेतको ध्यानाकर्षण गराउने तथा संस्थाको मानमर्यादा कायम राख्न आवश्यक कारबाहीका लागि पहल गर्ने चेतावनी दिइएको छ ।

यता विज्ञप्ति मार्फत लगाइएको आरोप बारे सभापति महतोले वर्षौदेखि खाइपाई आएको भ्रष्टाचारमा लिप्त केही कर्मचारीले म विरुद्ध यस्ता विज्ञप्ति निकालेका छन् । आफूले लथालिङ अवस्थामा रहेका जानकी आँखा अस्पतालसमा सुशासन कायम गर्न लाग्दा यस्तो प्रतिक्रिया आएको हो ।

फेसबुक पेजमा राखिएको फोटो बारे उनले भने आफूले अस्पताल वा रेडक्रसलाई बदनाम गर्न होइन यस्तो लथालिङ अवस्था रहेको बारे आम जनतालाई अवगत गराउन चाहेको हो । जहाँसम्म अपरेशन थिएटरमा प्रवेशको कुरा हो आफू सहित रेडक्रसका पदाधिकारी टिम बाहिरबाटै अवस्था हेरेर फर्केको छ ।

सभापति जस्ता व्यक्ति आफ्नै संस्थाको बेथिति बारे सामाजिक सञ्जालमा यसरी फोटो हालेर र नाकारात्मक कुरा राख्दा सो रेडक्रसप्रति आम नागरिक तथा सरोकारवाला व्यक्तिमा नाकारात्मक धारणा उत्पन्न भइरहेको सामाजिक सञ्जालमा गरिएको कमेन्टहरुले देखिन्छ । रास्वपा सरकारमा रहेका मन्त्रीहरु जस्तै महतो पनि स्टन्टबाजी गर्न खोजेको आरोप जनकपुरधामका स्थानीयहरुले लगाउन थालेका छन् ।


जनकपुरधाम- ४ का विनोद साह भन्छन् – आफू आबद्ध रहेको संस्थाको बेथिती सुधार गर्ने हो न कि त्यसको नाकारात्मक कुराहरु सामाजिक सञ्जालमा राखेर नाँगेझार गर्नुले बेथिती ल्याउने व्यक्ति होइन सो संस्थाप्रति नाकारात्मक धारणा आम नागरिकमा बस्ने गरेको छ । रास्वपाका केन्द्रिय मन्त्रीहरु जस्तै सभापति पंकज महतोले पनि स्टन्टबाजी गर्न खोजेका छन् ।

सभापति महतोमाथि रेडक्रसको गाडी गृहमन्त्री सुदन गुरुङ पछिल्लो पटक जनकपुरधाम प्रदर्शनकारी संयुक्त हिन्दु मोर्चासंग वार्ता गर्न आएको बेला अवैधानिक रुपमा प्रयोग गरिएको आरोप समेत लगाइएको छ । गृहमन्त्री गुरुङ जहाँ जहाँ गए त्यो भीडमा कार्यकर्ता झै रेडक्रसको गाडी पनि दोडाइयो । ती गाडीमा सभापति सँगै रास्वपा कार्यकर्ताहरुलाई समेत बसाइएको थियो ।

आफ्नो पदीय मर्यादा बिर्सेर संयुक्त हिन्दुवादी मोर्चाको सट्टा रास्वपा कार्यकर्तासंग वार्ता गरिएको भन्ने लागिरहेका गृहमन्त्रीसंगको बैठकमा समेत सभापति महतोले आफ्नो उपस्थिति जनाएको थियो । रास्वपा कार्यकर्ताको दायित्व पुरा गर्दै गृहमन्त्री धनुषा तथा महोत्तरीमा गरेको भ्रमणदेखि होटलमा बसेको बाससम्म रेडक्रसको गाडी लिएर दौडाहा गरेको प्रत्यक्षदर्शीको दाबी छ ।

सभापति महतोको नियुक्ति नै विवादित रहेको छ । उनीमाथि रास्वपा कार्यकर्ता रहेको आरोप लाग्दै आएको छ । रेडक्रसको विधानमा कुनै पनि राजनीति दल वा सो संग सम्बन्धित संघ संगठनमा लागेका व्यक्ति रेडक्रसको सदस्य वा पदाधिकारी हुन नपाउने व्यवस्था छ । तर रास्वपाका सक्रिय सदस्य रहेका महतोसहित अन्य पदाधिकारीमा विधानको धज्जी उडाउँदै नियुक्ति गरिएको आरोप विभिन्न पक्षको रहेको छ ।

उनको नियुक्तिप्रति रेडक्रस सोसाइटी धनुषाका पूर्वसभापति नरेश प्रसाद सिंहले उनको नियुक्ति अवैधानिक रहेको भन्दै सर्वोच्च अदालतमा रिट समेत दायर गरेका छन् । उनको सो रिट विरुद्ध सर्वोच्च अदालतले साउन १९ गते कारण देखाउ आदेश जारी गरिसकेको छ । कारण देखाउ आदेशसंगै अदालतले आन्तरिक छलफलका लागि सम्बन्धित दुबै पक्षलाई बोलाइएको छ ।



# पशुसँग क्रूर व्यवहार गर्नेलाई पाँच लाख जरिवाना, दुई वर्षसम्म जेल

**टुडे समाचारदाता**

जनकपुरधाम । चौपाया पशुसँग क्रुर व्यवहार गर्नेलाई पाँच लाख जरिवानादेखि दुई वर्षसम्म जेल सजायको व्यवस्था सहितको कानून तयार पारिएको छ। सरकारले पशुपालन क्षेत्रलाई आधुनिक, सुरक्षित र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन 'पशु सेवा तथा पशु कल्याण विधेयक, २०८३' ल्याएको छ।



विधेयक कानुन बनेपछि करिब तीन दशकदेखि कार्यान्वयनमा रहेको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ खारेज हुनेछ। नयाँ व्यवस्थाले पशु कल्याण, रोग नियन्त्रण, जैविक सुरक्षा, पशुजन्य उत्पादनको गुणस्तर, बजार नियमन र अन्तर्राष्ट्रिय व्यापारलाई एउटै कानुनी ढाँचामा समेटेको छ।

प्रस्तावित विधेयकले पशुमाथि हुने सबै प्रकारका क्रूर र अमानवीय व्यवहारलाई कडा कानुनी दायरामा ल्याएको छ। अब पशुलाई भोकै-प्यासै राख्ने, बिरामी वा घाइते पशुलाई काममा लगाउने, क्षमताभन्दा बढी बोझ बोकाउने, बेवारिसे छाड्ने तथा ढुवानीका क्रममा निर्दयी व्यवहार गर्नेलाई कारबाही हुनेछ।

उपचारको सम्भावना नभएका र असह्य पीडामा रहेका पशुलाई पशु चिकित्सकको सिफारिस र पशुधनीको लिखित सहमतिमा 'करुणा मृत्यु' दिन सकिने व्यवस्था पनि पहिलो पटक समेटिएको छ। विधेयकले पशुजन्य उत्पादनको गुणस्तरमा पनि कडा निगरानी गर्ने व्यवस्था गरेको छ।

गुणस्तरहीन वा दूषित उत्पादन तथा बिक्री, अवैध आयात-निर्यात, क्वारेन्टाइन उल्लङ्घन वा मापदण्डविपरीत उद्योग सञ्चालन गर्नेलाई तीनदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना, दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ। कसुर दोहोर्‍याएमा सजाय दोब्बर हुने तथा निरीक्षण अधिकृतलाई घटनास्थलमै जरिवाना गर्ने अधिकारसमेत दिइने प्रस्ताव गरिएको छ।

मानव स्वास्थ्यलाई प्रत्यक्ष असर गर्ने हर्मोन, औषधि र रसायनको पशु आहारा तथा उत्पादनमा प्रयोगमा कडाइ गरिने भएको छ। गुणस्तरहीन मासु, दूध, दाना वा अन्य पशुजन्य वस्तु बजारबाट सम्बन्धित उत्पादक वा विक्रेताले आफ्नै खर्चमा फिर्ता लिनुपर्नेछ भने निरीक्षण अधिकृतले परीक्षणपछि त्यस्ता वस्तुको बिक्री रोक्का, सिलबन्दी वा नष्ट गर्न सक्ने अधिकार पाउने व्यवस्था गरिएको छ।

सीमा क्षेत्रमा क्वारेन्टाइन प्रणालीलाई थप सुदृढ बनाउँदै संक्रामक रोग फैलिएका मुलुकबाट पशु आयातमा रोक लगाउने, अवैध रूपमा भित्र्याइएका पशु, पशुजन्य वस्तु र प्रयोग भएका सवारी साधनसमेत जफत गरी लिलाम गर्न सकिने व्यवस्था सो विधेयकमा गरिएको छ।

साथै, पशुजन्य उद्योग, भेटेरिनरी सेवा, कृत्रिम गर्भाधान र पशु प्रजननलाई अनुमति तथा मापदण्डको दायरामा ल्याइनेछ भने पशुको जन्मदेखि उत्पादनसम्मको विवरण डिजिटल 'ट्रेसेबिलिटी' प्रणालीमार्फत अभिलेखीकरण गरिनेछ। विधेयकमा भेटेरिनरी सेवालाई 'अत्यावश्यक सेवा' घोषणा गर्दै कुनै पनि अवस्थामा सेवा अवरुद्ध हुन नदिने व्यवस्था पनि गरिएको छ।

साथै, छाडा, बिरामी तथा घाइते पशुको संरक्षण, काञ्जी हाउस सञ्चालन, पशु कल्याणको अनुगमन र चरन क्षेत्र व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय तहलाई दिइएको छ। सरकारले यो विधेयक कार्यान्वयनमा आएपछि पशु कल्याण, उपभोक्ता स्वास्थ्य सुरक्षा र नेपाली पशुजन्य उत्पादनको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता बढ्ने अपेक्षा गरेको छ।

# धनुषाको ६६.५ हेक्टरमा जग्गामा वृक्षारोपण

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा हरियाली विस्तार तथा वन संरक्षणलाई प्राथमिकता दिँदै डिभिजन वन कार्यालय धनुषाले ६६.५ हेक्टर क्षेत्रफल जग्गामा वृक्षारोपण गरेको छ।



कार्यालयले जनाए अनुसार विभिन्न सामुदायिक वन, सार्वजनिक तथा खाली जग्गा र सडक किनारमा ठूलो संख्यामा बाँस, फलफूल तथा अन्य प्रजातिका बिरुवा रोपिएको हो।

कार्यालय प्रमुख विनोद सिंहले वृक्षारोपण कार्यक्रमले वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र भूक्षय नियन्त्रणमा योगदान पुऱ्याएको बताए। स्थानीय कालिखोला, दूधपानी र सुनबेरी सामुदायिक वन क्षेत्रमा १२ हजार बाँसका बिरुवा रोपिएको छ।

त्यस्तै, केशर दमर सामुदायिक वनमा पाँच सय फलफूलजन्य बिरुवासहित ८ हजार बिरुवा तथा धनुषाधाम वन संरक्षण क्षेत्रमा ३ हजार ४ सय फलफूलजन्यसहित १३ हजार बिरुवा रोपिएको कार्यालयले जनाएको छ।

कमला नगरपालिकाको सार्वजनिक जग्गामा ९ हजार ६ सय तथा मुगिया हरियाली सामुदायिक वनमा १६ हजार बिरुवा रोपिएका छन्। लामो समयदेखि खाली रहेको लक्ष्मीनियाँ गाउँपालिकाको जग्गामा ४ हजार १४५ र जलाइद साझेदारी वन क्षेत्रमा ५ हजार बिरुवा रोपिएको कार्यालय प्रमुख सिंहले जानकारी दिए। जलाध क्षेत्रमा समेत फलफूलजन्य बिरुवा रोपण गरिएको कार्यालयले जनाएको छ।

त्यसैगरी, जिल्लाका विभिन्न स्थानमा १७ किलोमिटर सडक किनारमा ३ हजार ४०९ बिरुवा रोपिएको छ। वन कार्यालयले निजी क्षेत्र तथा विभिन्न संघसंस्थालाई समेत १ लाख ५० हजार बिरुवा वितरण गरेको जनाएको छ।

यो सँगै वन क्षेत्र अतिक्रमण नियन्त्रणका लागि कार्यालयले अभियान नै सञ्चालन गरेको जनाएको छ। जिल्लाका विभिन्न स्थानमा वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका घर, टहरा तथा अन्य संरचना हटाएर करिब १० कठ्ठा वन क्षेत्र अतिक्रमणमुक्त गरिएको कार्यालयको दाबी छ।

धनुषाधाम वन संरक्षण क्षेत्रभित्र निर्माण गरिएका पसल तथा होटल हटाएर करिब तीनदेखि चार कठ्ठा जग्गा खाली गराइएको छ भने मालटोल सामुदायिक वन क्षेत्रमा सञ्चालन हुँदै आएको होटल हटाइएको तथा पोखरी दमार सामुदायिक वन क्षेत्रमा निर्माण गरिएको घर भत्काएर अतिक्रमित क्षेत्र खाली गराइएको कार्यालयले जनाएको छ।

वन क्षेत्रको विस्तार र संरक्षणले जैविक विविधता जोगाउन, वातावरणीय सन्तुलन कायम गर्न, भूक्षय नियन्त्रण गर्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न सकारात्मक प्रभाव पार्ने कार्यालयले जनाएको छ।

यस्तै वन संरक्षणसँगै स्थानीय समुदायको आयआर्जन बढाउने उद्देश्यले जिल्लाका ४७ वटा वनमा आधारित उद्यम सञ्चालन गरिएको छ। यी उद्यममार्फत वनमा आश्रित समुदायलाई रोजगारी तथा आयआर्जनसँग जोड्ने प्रयास गरिएको कार्यालयले जनाएको छ। हरित पार्क प्रवर्द्धन कार्यक्रमअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, मिथिला बिहारी नगरपालिका र मिथिला नगरपालिकामा गरी १० वटा हरित पार्क निर्माण गरिएको प्रमुख सिंहले बताए।

**४६ लाखभन्दा बढी राजस्व संकलन**

आर्थिक वर्ष २०८२/८३ मा रोयल्टी, मूल्य अभिवृद्धि करलगायत विभिन्न शीर्षकबाट ४६ लाख ६९५ रुपैयाँ राजस्व डिभिजन वन कार्यालयले संकलन गरेको छ।

ती मध्ये निजी वन क्षेत्रबाट ३९ लाख ६० हजार ४१६ रुपैयाँ, सामुदायिक वन क्षेत्रबाट रोयल्टीबापत ३ लाख ७ हजार ६१२ रुपैयाँ र मूल्य अभिवृद्धि करतर्फ १ लाख ३० हजार ८३६ रुपैयाँ संकलन भएको कार्यालयले जनाएको छ।

यस अवधिमा अवैध वन पैदावार ओसारपसार तथा वन क्षेत्रमा हानि-नोक्सानीसम्बन्धी चारवटा मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाइएको छ। सो क्रममा १९ दशमलव २५ घनमिटर सालको काठ बरामद गरिएको कार्यालय प्रमुख सिंहले बताए। पाँचवटा सामुदायिक वनबाट ७ हजार ६२३ दशमलव ७२ घनफिट काठ सङ्कलनका लागि कार्यालयले सहमति दिएको थियो।

निजी वनबाट २ लाख ५१ हजार ६२२ दशमलव ३२ घनफिट काठ तथा सामुदायिक वनबाट ७ दशमलव ३८ चट्टा दाउरा उत्पादनका लागि अनुमति दिइएको कार्यालयले जनाएको छ।

# छात्रवृतिका विद्यार्थीलाई बढी शुल्क नलिन निर्देशन



**टुडे समाचारदाता**

जनकपुरधाम । छात्रवृतिमा परेका विद्यार्थीहरुसँग संस्थागत विद्यालयहरुले विद्यार्थीबाट बढी रकम लिइरहेको आरोप लाग्दै आएको बेला जनकपुरधाम उपमहानगरपालिकाले तोकिएको बढी शुल्क नलिन जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा समितिले निर्देशन दिएको छ।

छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट विभिन्न शीर्षकमा निर्धारित सीमाभन्दा बढी शुल्क असुल भइरहेको गुनासो आएपछि शिक्षा समितिले विशेष बैठक गरी शुल्कको अधिकतम सीमा निर्धारण गरेको हो।

शिक्षा समितिको निर्णयअनुसार कक्षा १ देखि ५ सम्म छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट अधिकतम ७ हजार रुपैयाँ, कक्षा ६ देखि ८ सम्म ९ हजार रुपैयाँ र कक्षा ९ देखि १० सम्म १० हजार रुपैयाँसम्म मात्र शुल्क लिन पाइनेछ।

निर्धारित सीमाभन्दा बढी शुल्क लिन नपाइने समितिले स्पष्ट पारेको छ। यदि कुनै विद्यालयले यसअघि नै तोकिएको सीमाभन्दा बढी शुल्क असुल गरिसकेको भए अतिरिक्त रकम सम्बन्धित विद्यार्थीलाई अनिवार्य रूपमा फिर्ता गर्नुपर्ने निर्णयसमेत गरिएको छ।

शिक्षा समितिले आफ्नो निर्णय कार्यान्वयन नगर्ने संस्थागत विद्यालयविरुद्ध प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने चेतावनी दिएको छ। विद्यालयहरूले छात्रवृत्तिका नाममा विद्यार्थी तथा अभिभावकमाथि अतिरिक्त आर्थिक भार नथोपर्नसमेत समितिले आग्रह गरेको छ।

शिक्षा समितिका सदस्य तथा एनप्याब्सन जनकपुरधामका अध्यक्ष दीपक ठाकुरले छात्रवृत्ति पाउने विद्यार्थीको अधिकार सुनिश्चित गर्न विद्यालयहरूले उपमहानगरपालिकाको निर्णय पालना गर्नुपर्ने बताए। उनका अनुसार छात्रवृत्ति कार्यक्रमको उद्देश्य आर्थिक रूपमा कमजोर तथा योग्य विद्यार्थीलाई शिक्षाको पहुँचमा ल्याउनु भएकाले त्यसका नाममा थप शुल्क असुल गर्नु उचित हुँदैन।

उपमहानगरपालिकाले छात्रवृत्ति वितरण तथा शुल्क असुली प्रक्रियामा पारदर्शिता कायम गर्न र विद्यार्थीको अधिकार सुनिश्चित गर्न विद्यालयहरूलाई आग्रह गरेको छ। समितिले तोकेको शुल्क सीमाभन्दा बढी रकम असुल गरिएको पाइएमा सम्बन्धित विद्यालयलाई कारबाही गरिने चेतावनी समेत दिएका छन्।

# यातायात कार्यालयमा ईडीएल प्रणाली शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । सवारी चालक अनुमति पत्र (लाइसेन्स) सम्बन्धी सेवा नयाँ प्रविधि ईडीएल प्रणाली मार्फत यातायात व्यवस्था कार्यालय जनकपुरधामले सञ्चाल प्रक्रिया अघि बढाएको छ। तर नयाँ लाइसेन्सको लागि लिखित तथा प्रयोगात्मक परीक्षा सो प्रविधि आएपछि शुरु गर्नेछ।



कार्यालयले प्रणालीमा सुधार तथा स्थायित्व आएपछि मात्र लाइसेन्सको लिखित र प्रयोगात्मक परीक्षा सञ्चालनबारे एक सूचना प्रकाशित गर्ने जनाएको छ। कार्यालयले शुक्रबार जारी गरेको सूचनामा यातायात व्यवस्था विभाग मिनभवन काठमाडौँबाट नयाँ प्रविधि ईडीएल सञ्चालनमा आएपछि हाल कार्यालयबाट आंशिक रूपमा सेवा प्रवाह भइरहेको उल्लेख छ।

प्रणाली पूर्ण रूपमा सुधार भएपछि सवारी चालक अनुमति पत्रका लागि आवश्यक लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गरिने र त्यसको जानकारी कार्यालयले सार्वजनिक सूचनामार्फत गराउने कार्यालयले जनाएको छ।

नयाँ प्रणालीमार्फत सेवाग्राहीले सवारी चालक अनुमति पत्रसँग सम्बन्धित आवेदन तथा भुक्तानीका अधिकांश प्रक्रिया आफैं भक्भधब, प्जबतिष ऋयललभअत क्षएक तथा :यदषभ द्यबलपष्लन लगायतका माध्यमबाट अनलाइन गर्न सक्ने व्यवस्था गरिएको छ। तर, नयाँ सफ्टवेयर सञ्चालनमा आए पनि बेलाबखत प्राविधिक समस्या देखिने गरेको कार्यालयले जनाएको छ।

स्थानीय कार्यालयबाट सबै प्रकारका प्राविधिक समस्या समाधान गर्न सम्भव नभएकाले त्यस्ता समस्या एकीकृत रूपमा संकलन गरी यातायात व्यवस्था विभागमा पठाउने व्यवस्था गरिएको सूचनामा उल्लेख छ। यसका लागि टास्क प्रविधि बिड पोर्टल सञ्चालनमा ल्याइएको जनाउँदै कार्यालयले लाइसेन्स सम्बन्धी कुनै समस्या देखिएमा त्यसको स्क्रिनसटसहित समस्या स्पष्ट रूपमा उल्लेख गरी पोर्टलमा पठाउन सेवाग्राहीलाई आग्रह गरेको छ।

कार्यालयले नवीकरण तथा प्रतिलिपिका लागि अनुरोध गर्दा यस कार्यालयबाट जारी भएको सम्बन्धित सवारी चालक अनुमति पत्र मात्र 'रिक्वेस्ट' गर्न पनि अनुरोध गरेको छ। प्राविधिक समस्या तथा अन्य जानकारीका लागि सेवाग्राहीले मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागमा सम्पर्क गर्न सक्ने कार्यालयले जनाएको छ।

**निवृत्तभरण हरायो**

मिती २०८३।०२।२० गते नगराइन चोक देखि घरसम्म जादै गर्दा मेरो निवृत्तभरण हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : मुनेश्वर यादव**
**ठेगाना : नगराइन न.पा.-९, धनुषा**
**निवृत्तभरणको. अधिकार पत्रको क्रम संख्या : ११८६६१**
**मो.नं. : ९८४४३८२५७९**

# जनकपुरधाममा साहु महाजनको प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम।साहु-महाजनहरूले सरकार र मिटरब्याज पीडित पक्षबीच भएको लेनदेनसम्बन्धी ९ बुँदे सहमति तथा त्यसका आधारमा मन्त्रिपरिषद्ले गरेको निर्णयप्रति असन्तुष्टि जनाउँदै जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन्।

पीडित लेनदेन संघर्ष समितिको अगुवाइमा गरिएको सो प्रदर्शनमा सहभागीहरूले आफ्ना हितविपरीत भएको भन्दै सरकारको निर्णय तत्काल फिर्ता लिन माग गरेका छन्। उनीहरूले सरकारले सम्बन्धित सबै पक्षसँग छलफल नगरी एकतर्फी रूपमा सहमति र निर्णय गरेको आरोप लगाएका छन्।

मधेस प्रदेशका आठवटै जिल्लाबाट जनकपुरधाम पुगेका साहु-महाजनहरूले नगर परिक्रमा गर्दै जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला अदालत धनुषा अगाडि पुगेर प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा उनीहरूले 'कानुनी राज्य बहाल गर' लगायतका नाराबाजी गरेका थिए।

पीडित लेनदेन संघर्ष समिति, मधेसका अध्यक्ष विजय यादवले सरकारले आफ्ना मागलाई बेवास्ता गरे थप सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए। माग पूरा नभए भदौ १ गतेदेखि काठमाडौंमा सिंहदरबार घेराउ तथा माइतीघर मण्डलामा धर्ना दिने कार्यक्रम तय गरिएको उनले जनाएको छ।

प्रदर्शनकारीहरूलेलेनदेनसम्बन्धी विवादको दीर्घकालीन र न्यायोचित समाधानका लागि सरकार, मिटरब्याज पीडित र साहु-महाजन पक्षलाई समेटेर त्रिपक्षीय वार्ता आयोजना गर्न समेत माग गरेका छन्। उनीहरूले सबै पक्षको सहभागितामा संवादमार्फत समाधान खोजिए मात्रै लेनदेनसम्बन्धी विवादको स्थायी निकास सम्भव हुने बताएका छन्।

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | नयाँ योजना सुरु गर्न र सामाजिक क्षेत्रमा आफ्नो प्रभाव बढाउन समय अनुकुल छ। |
| वृष : | दिनको अधिकांश समय खर्च र यात्रामा बित्न सक्छ। |
| मिथुन : | सुरु गरेका कामबाट राम्रो आर्थिक लाभ मिल्ने योग छ। |
| कर्कट : | कर्मक्षेत्रमा सफलता मिल्नेछ। |
| सिंह : | धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ। |
| कन्या : | सूरुमा स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुपर्नेछ। |
| तुला : | व्यापार-व्यवसायमा राम्रो लाभ मिल्नेछ। |
| वृश्चिक : | शत्रु र प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ। |
| धनु : | ज्ञान, बुद्धि र विवेकको प्रयोगले काममा सफलता दिलाउनेछ। |
| मकर : | पारिवारिक विषयलाई लिएर केही चिन्ता वा विवाद हुन सक्छ। |
| कुम्भः | तपाईको साहस, पराक्रम र क्षमतामा वृद्धि हुनेछ। |
| मीनः | मिठो भोजन र पारिवारिक जमघटको योग छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चार करोडभन्दा बढीको माछाको भुरा उत्पादन

टुडे समाचारदाता

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ मा मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र जनकपुरधामले चार करोडभन्दा बढी माछाका भुरा उत्पादन गरेको छ । केन्द्रले उक्त अवधिमा विभिन्न प्रजातिका ४ करोड ३८ लाख ह्याचलिङ उत्पादन गरी किसानलाई बिक्री वितरण गरेको हो ।



केन्द्रका प्रमुख ज्ञानबहादुर जिरेलका अनुसार गत आर्थिक वर्षमा ३२ लाख फ्राइ, १३ लाख ८२ हजार फिङ्गरलिङ तथा २ हजार ५३ किलो खाने माछा समेत उत्पादन गरिएको छ । भुरा बिक्रीबाट केन्द्रले ३४ लाख ३५ हजार ५ सय ३६ रुपैयाँ आम्दानी गरेको छ ।

त्यस्तै, सरकारी सम्पत्ति बहालबाट ३ लाख २४ हजार ३ सय रुपैयाँ र अन्य प्रशासनिक सेवा प्रवाहबाट ५९ हजार रुपैयाँ आम्दानी भएको केन्द्रले जनाएको छ । केन्द्रमा उत्पादन हुने माछाका भुरा मधेस प्रदेशका विभिन्न जिल्लाका साथै बागमती र कोशी प्रदेशसम्मका किसानले खरिद गर्दै आएका छन् ।

धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका किसानसँगै काठमाडौँ, सिन्धुली, रामेछाप, दोलखा तथा सुनसरीका किसानसमेत केन्द्रबाट भुरा लैजाने गरेका छन् । केन्द्रले मुख्य रूपमा रहु, नैनी, भाकुर, कमन कार्प, सिल्भर कार्प, बिगहेड कार्प र ग्रास कार्पका भुरा उत्पादन गर्दै आएको जनाइएको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा भने ह्याचलिङ उत्पादन केही घटेको देखिएको छ । आर्थिक वर्ष २०८१/८२ मा केन्द्रले ४ करोड ७५ लाख ५ हजार ह्याचलिङ, ३२ लाख ३६ हजार फ्राइ, १२ लाख ६२ हजार फिङ्गरलिङ तथा २ हजार किलो खाने माछा उत्पादन गरेको थियो ।

माछाको उत्पादन र व्यवसाय प्रवर्द्धनसँगै केन्द्रले निजी क्षेत्रका ह्याचरी सञ्चालक तथा किसानलाई तालिम र प्राविधिक ज्ञानसमेत उपलब्ध गराउँदै आएको छ । यसले व्यावसायिक माछापालनमा संलग्न किसानलाई आवश्यक प्राविधिक सहयोग पुग्दै आएको केन्द्रको भनाइ छ ।

वि.सं. २०१८ मा स्थापना भएको केन्द्रमा हाल ७८ वटा माछापोखरी रहेका छन् । तीमध्ये १९ वटा पोखरी प्रयोगविहीन अवस्थामा छन् । प्रयोगमा रहेका पोखरीमार्फत भुरा उत्पादन तथा खाने माछा उत्पादन गर्दै आएको छ ।

# संकटमा व्यवसायिक मत्स्यपालन

**माछाको बीमा व्यवस्था नहुँदा प्राकृतिक विपद्, रोग संक्रमण वा अन्य कारणले ठूलो क्षति हुँदा सम्पूर्ण आर्थिक भार किसानले नै व्यहोर्नुपर्ने अवस्था रहेको उनीहरूले बताएका छन् । किसानहरूका अनुसार बेला-बेलामा विभिन्न रोगका कारण पोखरीमा रहेका माछा मर्ने गरे पनि सम्बन्धित निकायबाट समयमै प्राविधिक सहयोग नपाउँदा क्षति अझ बढ्ने गरेको छ ।**

टुडे समाचारदाता

वीरगञ्ज । सरकारी निकाय र स्थानीय तहबाट आवश्यक सेवा-सुविधा तथा प्राविधिक सहयोग गर्दा व्यावसायिक मत्स्यपालन संकटमा परेको पर्सा जिल्लाका माछापालक किसानहरूले बताएका छन् ।

बीमा, रोग नियन्त्रण, प्राविधिक परामर्श तथा नियमित अनुगमनको अभावले आर्थिक जोखिम बढ्दै गएको भन्दै उनीहरूले समयमैसहयोग उपलब्ध गराउन सरकारसँग माग गरेका छन् ।

विगत दुई दशकयता पर्सामा परम्परागत खेती छाडेर व्यावसायिक मत्स्यपालनतर्फ किसानहरूको आकर्षण बढेको थियो। अन्य बालीको तुलनामा कम लागत, कम श्रम, सहज बजार र नगद कारोबारका कारण धेरै किसानले माछापालनलाई आयआर्जनको मुख्य स्रोत बनाएका थिए ।

हाल जिल्लामा करिब ७ सय हेक्टर क्षेत्रफलमा पोखरी निर्माण गरी व्यावसायिक रूपमा माछापालन भइरहेको छ। उत्पादन वृद्धि भएसँगै पर्सा माछामा आत्मनिर्भर बनेको छ भने यहाँ उत्पादन भएको माछा देशका विभिन्न जिल्लामा समेत आपूर्ति हुँदै आएको किसानहरूको भनाइ छ। तर पछिल्ला वर्षहरूमा सरकारी सहयोग प्रभावकारी नभएकाले किसानहरू निराश बन्दै गएको उनीहरूको गुनासो छ ।

किसानहरूका अनुसार हाल पोखरी निर्माणका लागि प्रतिकट्ठा १० हजार रुपैयाँ अनुदानबाहेक अन्य उल्लेखनीय सहयोग उपलब्ध छैन । माछाको रोग पहिचान, उपचार, प्राविधिक परामर्श तथा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था नहुँदा किसानहरू आफ्नै अनुभवका भरमा व्यवसाय सञ्चालन गर्न बाध्य छन् ।



साथै, माछाको बीमा व्यवस्था नहुँदा प्राकृतिक विपद्, रोग संक्रमण वा अन्य कारणले ठूलो क्षति हुँदा सम्पूर्ण आर्थिक भार किसानले नै व्यहोर्नुपर्ने अवस्था रहेको उनीहरूले बताएका छन् । किसानहरूका अनुसार बेला-बेलामा विभिन्न रोगका कारण पोखरीमा रहेका माछा मर्ने गरे पनि सम्बन्धित निकायबाट समयमै प्राविधिक सहयोग नपाउँदा क्षति अझ बढ्ने गरेको छ ।

उनीहरूले स्थानीय तह तथा जिल्ला स्तरमै मत्स्य प्राविधिकको व्यवस्था, नियमित रोग परीक्षण, बीमा कार्यक्रम र रोग नियन्त्रण सेवा सञ्चालन गर्न माग गरेका छन् ।

यता, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वीरगञ्जका सूचना अधिकारी राजेश्वर कुशवाहाले मत्स्यपालक किसानका लागि हाल छुट्टै सेवा वा कार्यक्रम नरहेको बताएका छन् । उनले भने प्रदेश सरकारले पशुपालन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको भए पनि मत्स्यपालनलाई लक्षित विशेष कार्यक्रम समावेश गरेको छैन ।

कुशवाहाले पोखरी सरसफाइ, प्राविधिक सेवाको अभाव र माछाको उचित मूल्य निर्धारण लगायतका समस्याले किसानहरू प्रभावित भइरहेको उल्लेख गर्दै मत्स्य क्षेत्रको दीगो विकासका लागि किसानमैत्री नीति, प्राविधिक सेवा विस्तार तथा प्रभावकारी सरकारी कार्यक्रम आवश्यक रहेको बताए ।

माछापालक किसानहरूले मत्स्य व्यवसायले पर्साको अर्थतन्त्र, रोजगारी सिर्जना र खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको उल्लेख गर्दै सरकारले बीमा, प्राविधिक सेवा, रोग नियन्त्रण र बजार व्यवस्थापनका प्रभावकारी कार्यक्रम तत्काल लागू नगरे जिल्लामा स्थापित हुँदै गएको मत्स्य व्यवसाय नै संकटमा पर्ने चेतावनी दिएका छन् ।

# खेल्न निस्किएका बालकको नहरमा शव फेला

टुडे समाचारदाता

रौतहट । रौतहटको यमुनामाई गाउँपालिका-५ मा खेल्न निस्किएका ६ वर्षीय बालकको शव नहरमा फेला परेको छ । बिहीबार अपराह्नदेखि सम्पर्कविहीन भएका खुसी आलम मृत शुक्रवार बिहान अवस्थामा भेटिएपछि गाउँमा शोक छाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार स्थानीय सरमुला मियाका छोरा खुसी आलम बिहीबार अपराह्न करिब ३:३० बजे ४-५ जना साथीहरूसँग घरबाट करिब एक किलोमिटर पश्चिम रहेको सडकछेउको कल्भर्ट क्षेत्रमा खेल्न गएका थिए । उनीसँग गएका अन्य बालबालिका घर फर्किए पनि खुसी नआएपछि परिवारले आफन्त र स्थानीयको सहयोगमा रातभर खोजी गरे पनि कुनै जानकारी प्राप्त हुन सकेको थिएन ।

शुक्रबार बिहान बालकका बुबाले अस्थायी प्रहरी पोस्ट बमनहरमा मौखिक सूचना दिएपछि असई सञ्जीप सिंहको नेतृत्वमा प्रहरी टोली खोजीमा खटिएको थियो । खोजतलासकै क्रममा बिहान ९:५५ बजे यमुनामाई-५ स्थित सातबम्बा सडकको कल्भर्टबाट करिब २० फिट दक्षिणतर्फ बगेको नहरमा बालक घोप्टो परेको अवस्थामा मृत फेला परेका प्रहरीले जनाएको छ।

सूचना प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट इन्स्पेक्टर जीवनकुमार मैनालीको नेतृत्वमा थप प्रहरी टोली घटनास्थल पुगेको थियो। आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको प्रहरीले जनाएको छ ।

# काठ तस्करीमा साइकलको प्रयोग

टुडे समाचारदाता

रौतहट। काठ चोरी तस्करीमा संलग्न समूहले सालको गोलिया ओसार्न रौतहटमा साइकललाई नै परिमार्जन गरेर प्रयोग गर्न थालेको



पाइएको छ।

वन गस्ती टोलीले गुजरा नगरपालिका २ मैढा क्षेत्रबाट काठसहित परिमार्जित साइकल बरामद गरेपछि तस्करीमा नयाँ शैली प्रयोग भएको खुलेको हो । चोचा सब डिभिजन वन कार्यालयबाट खटिएको गस्ती टोलीले शुक्रबार बिहान करिब ३ बजे मैढा क्षेत्रमा गस्ती गर्ने क्रममा साइकलमा सालको गोलिया लोड गरी वन क्षेत्रबाट बाहिर ल्याउँदै गरेको समूहलाई देखेको थियो ।

गस्ती टोली नजिकिएपछि संलग्न व्यक्तिहरू काठ र साइकल घटनास्थलमै छाडेर फरार भएका थिए । वन गस्ती टोलीले घटनास्थलबाट सालको एक थान गोलिया र ६.९६ क्युबिक फिट काठ बरामद गरेको छ। काठ ओसार्न मिल्ने गरी साइकलको पछाडिको भाग फराकिलो तथा मजबुत बनाइएको पाइएको वन कार्यालयले जनाएको छ ।

बरामद काठ र साइकल आवश्यक कानुनी प्रक्रिया अघि बढाउन चोचा सब डिभिजन वन कार्यालयमा राखिएको छ। घटनामा संलग्न व्यक्तिहरूको खोजी भइरहेको कार्यालयले जनाएको छ। डिभिजन वन कार्यालय रौतहटका प्रमुख मनोजकुमार ठाकुरका अनुसार काठ चोरी तस्करीमा संलग्न समूहले समय र परिस्थितिअनुसार नयाँ नयाँ उपाय अपनाउने गरेको छ । साइकललाई नै काठ बोक्न मिल्ने गरी परिमार्जन गरेर प्रयोग गरिएको घटना तस्करीको बदलिँदो शैली अपनाइएको उनले बताए ।

'काठ चोरी तस्करीमा संलग्न समूहले नयाँ तरिका अपनाएको देखिन्छ,' ठाकुरले भने, 'यस्ता गतिविधिमा संलग्न व्यक्तिको पहिचान गरी कानुनअनुसार कारबाही गरिनेछ ।' वन क्षेत्रमा हरिया रूख काटेर गोलिया बनाउने र रातको समयमा विभिन्न साधन प्रयोग गरी काठ बाहिर निकाल्ने क्रम रहेको वन कार्यालयले जनाएको छ ।

रौतहटको वन क्षेत्र अतिक्रमण, अवैध रूख कटान तथा चोरी तस्करीका कारण दबाबमा रहेको सरोकारवालाहरू बताउँछन् । वन क्षेत्र संरक्षणका लागि नियमित गस्ती, निगरानी तथा अवैध कटानमा संलग्न व्यक्तिमाथि प्रभावकारी कानुनी कारबाही आवश्यक रहेको उनीहरूको भनाइ छ ।

# डिएलए जनकपुरधामको अध्यक्षमा कार्की

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन(डिएलए) जनकपुरधामको नयाँ कार्यसमितिको अध्यक्षमा अधिवक्ता हेमबहादुर कार्कीको सर्वसम्मतले चयन भएको छ ।



कार्कीको अध्यक्षतामा चयन भएको कार्यसमितिको उपाध्यक्षमा राधाकान्त झा, सचिवमा दिलीप मण्डल तथा कोषाध्यक्षमा आरती कुमारी साहलाई सर्वसम्मत रूपमा चयन गरिएको छ ।

त्यसैगरी कार्यसमितिका सदस्यहरूमा टुनेश्वर साह, किरण झा, दीपक पर्सैला, हेमन्त झा, सन्तोष झा र अञ्जली सिंह सर्वसम्मत चयन भएका छन् ।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूले संस्थाको उद्देश्यअनुरूपकानुन व्यवसायीहरूको पेशागत हकहितको संरक्षण, विधिको शासनको सुदृढीकरण तथा लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्द्धनमा सक्रियतापूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

डिएलए जनकपुरधामको नयाँ नेतृत्व चयनसँगै संस्थागत गतिविधिलाई थप प्रभावकारी, सक्रिय र परिणाममुखी बनाउने अपेक्षा गरिएको छ ।

# पेट्रोलियम पदार्थ चोरी गर्ने प्रहरीको नियन्त्रणमा

वीरगञ्ज । नेपाल प्रहरीले पेट्रोलियम पदार्थ चोरी गरी बिक्री वितरण गर्ने कार्यमा संलग्न भएको अभियोगमा टयांकरसहित छ जनालाई नियन्त्रणमा लिएको छ ।





वीरगञ्ज महानगरपालिका-१४ बाइपास सडकखण्डस्थित सौदागर आयल सेन्टरमा ना.७ ख १५३९ नम्बरको टयांकरबाट तेल चोरी रहेको अवस्थामा उनीहरुलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

नियन्त्रणमा लिइएकामा वीरगञ्ज महानगरपालिका-३ का सुनैन मियाँ, १५ का असलम हवारी, ११ का रफिक मियाँ तथा हेटौंडा उपमहानगरपालिका-१० का केशर राम सुनार, १४ का मन्दसिंह लामा र उमेश राना मगर रहेका छन् ।

इण्डियन आयल कर्पोरेसनको बरौनी टर्मिनलबाट नेपाल आयल निगमको हवाइ इन्धन डिपो काठमाण्डु पुर्याउनुपर्ने २० हजार लिटर क्षमताको टयाङ्करबाट तेल चोरिरहेको अवस्थामा भेटेपछि निजहरुलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले जानकारी दिनुभयो । रासस

# मधेश प्रदेशमा ट्रान्सफर्मर चोरीका घटना बढे



जनकपुरधाम। मधेशप्रदेशका विभिन्न जिल्लामा ट्रान्सफर्मर चोरीका घटना बढ्दै गएका छन् ।

पछिल्ला पाँच वर्षमा ९९ वटा ट्रान्सफर्मर चोरी भएको नेपाल विद्युत् प्राधिकरण मधेश प्रादेशिक कार्यालय जनकपुरधामका प्रशासन प्रमुख कालिचरण यादवले राससलाई जानकारी दिनुभयो ।

उहाँले ट्रान्सफर्मरभित्र प्रयोग हुने तामाको तार महँगो मूल्यमा बिक्री हुने भएकाले चोरीको घटना बढेको बताउनुभयो ।

महोत्तरीबाट ३५, बारामा १५, धनुषामा १४, रौतहटमा १०, सर्लाही र सिरहामा नौ/नौ वटा, सप्तरीमा तीन वटा तथा पर्सामा दुई वटा ट्रान्सफर्मर चोरी भएका हुन् । चोरी भएका ट्रान्सफर्मरको क्षमता १५ केभिएका देखि २०० केभिएका छन् ।

ट्रान्सफर्मर चोरीले किसानलाई प्रत्यक्ष प्रभाव परेको छ । भनेको बेलामा सिँचाइ गर्न नपाएकाले उनीहरु प्रभावित भएका हुन् । कृषकले दोषीलाई शीघ्र पक्राउ गरी नयाँ ट्रान्सफर्मर जडान गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले चोरी भएका ट्रान्सफर्मरको खोजी कार्य भइरहेको बताउनुभयो । रासस

# खाना पकाउने ग्यासको आपूर्ति सहज बनाउन सांसदको जोड

काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरूले खाना पकाउने ग्यासको आपूर्ति सहज बनाउनुपर्नेमा सांसदले जोड दिनुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको आकस्मिक समयमा सांसदहरूले मनसुनजन्य विपद्, स्वास्थ्य सेवा, सडक पूर्वाधार, खाना पकाउने ग्यासको आपूर्ति, सामाजिक सुरक्षा तथा कृषि क्षेत्रका विविध समस्याप्रति सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

बैठकमा सांसद इन्दिरा रानामगरले खाना पकाउने ग्यासको आपूर्ति यथाशीघ्र सहज बनाउन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद प्रेमलाल चौधरीले इलाम जिल्ला प्राकृतिक विपद्को उच्च जोखिममा रहेको उल्लेख गर्दै जिल्लामा स्तरीय अस्पतालको अभाव रहेको बताउनुभयो । बाढी र पहिरोका कारण सडक अवरुद्ध हुँदा बिरामीले समयमै उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको भन्दै उहाँले इलामको मयुखोलामा स्थायी पुल निर्माण गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद टीका सङ्रौलाले आर्यघाटमा विपन्न वर्गका नागरिकले अन्तिम संस्कार गर्नसमेत आर्थिक अभाव झेल्नुपरेको उल्लेख गर्दै शव दाहसंस्कारका लागि आवश्यक खर्च राज्यले निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्न आग्रह गर्नुभयो ।



सांसद बदनकुमार भण्डारीले गत बुधबार काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका-७ का ६८ वर्षीय केदारनाथ पराजुलीले क्यान्सरपीडित श्रीमती तिलकुमारी पराजुलीलाई पिँठ्युमा बोकेर सुनकोशी नदीमा हाम फालेको घटनाप्रति दुःख व्यक्त गर्दै उहाँहरूको खोज तथा उद्धार कार्यलाई उच्च प्राथमिकताका साथ तीव्र बनाउन सरकारसँग माग गर्नुभयो ।

सांसद शाहजान खातुनले मनसुनका समयमा तराई क्षेत्रमा बाढी र डुबानका कारण बर्सेनि धनजनको क्षति हुने गरेको उल्लेख गर्दै विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद धनबहादुर बुढाले डोल्पा र चीनबीचको व्यापारिक सम्बन्ध सुदृढ बनाउन तथा यस वर्ष सञ्चालन हुनुपर्ने व्यापार मेलाका लागि चीन सरकारसँग उच्चस्तरीय कूटनीतिक पहल तत्काल अघि बढाउन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद सुशील खड्काले बाँदरको आतङ्कका कारण कृषक चिन्तित बनेको र युवा रोजगारीका लागि विदेशिन बाध्य भएको बताउनुभयो । बागलुङमा सुन्तलाखेतीको ठूलो सम्भावना रहेको उल्लेख गर्दै उहाँले बाँदर नियन्त्रणका लागि हेरालुको व्यवस्था गर्न तथा किसानलाई राहत उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद विश्वराज पोखरेलले पाकिस्तानमा पर्वतारोहणका क्रममा ज्यान गुमाएका नेपालीको शव यथाशीघ्र स्वदेश ल्याउन सरकारले आवश्यक पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद भीमकुमारी बुढामगरले पहिरोबाट हुने क्षति न्यूनीकरणका लागि प्रभावकारी योजना र कार्यक्रम सञ्चालन गर्न सरकारसँग आग्रह गर्नुभयो ।

सांसद पार्वती विकले सामाजिक सञ्जालमार्फत हुने मानसिक हिंसा नियन्त्रणका लागि आवश्यक कानुन निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद सागर भुसालले पर्वत जिल्लाको कुस्मा नगरपालिका-गजेडी क्षेत्रमा बाढी र पहिरोका कारण करिब ७० घरपरिवार उच्च जोखिममा रहेको उल्लेख गर्दै धेरै परिवार विस्थापित भइसकेको बताउनुभयो । उहाँले पहिरो व्यवस्थापनका लागि तत्काल प्रभावकारी कदम चाल्न सरकारसँग माग गर्नुभयो ।

सांसद कमल सुवेदीले सडक दुर्घटना न्यूनीकरणका लागि सडक सुधार, निगरानी वृद्धि तथा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद खगेन्द्र कर्णले सर्पदंशका घटनाको नियन्त्रण तथा उपचार व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक नीति तथा कार्यक्रम ल्याउन सरकारसँग माग गर्नुभयो ।

सांसद पारसमणि गेलालले कोशी नदीमा आउने बाढीका कारण उदयपुर क्षेत्रमा नदी कटान बढ्दै गएको र स्थानीयवासी त्रासमा रहेको उल्लेख गर्दै विपद् पूर्वतयारी र नदी नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद यशोदाकुमारी बरालले कर्णाली प्रदेशमा बाढी र पहिरोका कारण यात्रु तथा स्थानीय बासिन्दाले सास्ती खेप्नुपरेको उल्लेख गर्दै जोखिम व्यवस्थापनका लागि प्रभावकारी योजना कार्यान्वयन गर्न सरकारसँग आग्रह गर्नुभयो ।

सांसद प्रेमबहादुर बयक, क्षितिज थेबे, ठाकुरसिंह थारु, गजाला शमीम मिकरानीले विभिन्न समसामयिक विषयमा धारणा राख्नुभएको छ । रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। प्रश्न सरकारलाई ।।

कति वर्ष अझै सपना बेचिरहनुहुन्छ?
कति वर्ष भाषणमै भविष्य देखाइरहनुहुन्छ?
भोकै पेटलाई विकासको कथा सुनाएर,
बेरोजगार युवालाई धैर्यको पाठ कहिलेसम्म पढाइरहनुहुन्छ?

हाम्रो हातमा डिग्री छ,
सीप छ, सपना छ, मेहनत गर्ने आँट पनि छ।
तर काम खोज्दै हिँड्दा,
किन हरेक ढोका बन्द भेटिन्छ?

कसैले आमाको गहना बेच्यो,
कसैले बाबुको खेत धितो राख्यो।
छोराछोरीलाई पढायौँ,
तर पढाइ सकिँदा
जिन्दगी नै ऋणको भारीमा थिचियो।

**सरकार,**
हामी रहरले विदेश जाँदैनौँ।
आफ्नै देशमा काम पाएको भए,
किन आफ्नो घर, परिवार र माटो छोड्थ्यौँ?

खाडीको तातो घाममा पसिना बगाउँदा,
मन भने सधैँ घरमै हुन्छ।
आमाको आवाज फोनमै सीमित हुन्छ,
बुबाको अनुहार सम्झेर आँखा रसाउँछ।
आफ्नै देशमा बाँच्ने सपना,
विदेशको भीडमा हराउँदै जान्छ।

यहाँ युवाको सपना मर्छ,
उता विदेशी सहर झन् समृद्ध बन्छ।
हाम्रा सीप र पसिनाले
अरूको देश बनिरहेको छ,
तर आफ्नै देश भने
युवा गुमाएर रित्तिँदै गएको छ।

हरेक चुनावमा
ठूला-ठूला वाचा सुनिन्छन्।
**सरकार फेरिन्छ,**
**मन्त्री फेरिन्छ,**
**कुर्सी फेरिन्छ,**
तर युवाको अवस्था किन फेरिँदैन?

देश बनाउने हात यही हुन्,
भोलि निर्माण गर्ने शक्ति यही हो।
यिनै हात विदेश पठाएर
कसको विकासको सपना देखाइँदै छ?

हामीलाई दया चाहिएको छैन,
खोक्रो सम्मान पनि चाहिएको छैन।
हामीलाई त
मेहनतको उचित मूल्य चाहिएको हो,
आफ्नै माटोमा इज्जतका साथ बाँच्ने अवसर चाहिएको हो।

**हे सरकार,**
साँच्चै नेपाल बनाउने हो भने,
पहिले युवालाई बचाउनुहोस्।
किनकि युवा बाँच्यो भने देश बाँच्नेछ।
युवा हरायो भने
नक्सामा नेपाल त रहला,
तर नेपाली सपनाको नेपाल बिस्तारै हराउँदै जानेछ।



**आदित्य कुमार शाह**
**जनकपुरधाम, धनुषा, नेपाल**

## ।। मेरो नगर (गणेशमान चारनाथ) ।।

पूर्वी सीमाना भई बग्छिन् कमला नदी
अनि पश्चिम हुँदै बालुवा धार,
यी नदीहरु नै हुन् मेरो नगरको,
सीमा विस्तारको बलियो आधार।
बस्छन् यहाँ भिन्नभिन्न जातका मानिस,
अनि बोल्छन् अनेकौं भाषा,
कोही लाउँछन् बख्खु, धोती र कुर्ता त,
कोही दौरा-सुरुवाल र टोपी ढाका।
कोही होचा-अग्ला श्यामवर्ण छन् ,
त कोही गोरा र गहुँगोरा छन्,
कोही नेपाली त कोही मैथिली बोली
विविध भाषाले नगरलाई सजाउँछन्।
काम नभई खाली बस्दैन यहाँ कोही,
परिश्रम गर्छन् सम्पूर्ण नगरवासी,
गर्छन् यस नगरका सबै दाजुभाइ
बनाउन आफ्नै गाउँघर हरियाली।
कोही मनाउँछन् दशैं, माघी र ल्होसार
त कोही मनाउँछन् इद, होली र छठ,
फरक धर्म र पर्व मनाए पनि,
नगरवासीको सद्भाव हुँदैन कहिल्यै घटबढ।



**लेखक : पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग. चा.न.पा.१ (धनुषा)**

## ।। मिटर ब्याज।।

हुर्काउनु छ बच्चाबुच्चीलाई फलाउनु छ खेतमा धान
साहुसँग ऋण काढे अनि बैंकबाट पनि कर्जा लिए
चलाउन घरबार उमार्न खेतमा गहुँ धान
साहुलाइ ब्याज चाहियो बैंकलाई किस्ता
बीचमै पर्यो घरमा बिहावारी र मलामी
सुख्खा खडेरीमा खेत पर्यो घरबारमा बज्रपात
घरमुली नै विदेश गए फर्किए बाकसमा
कसैलाई यस्तो नपरोस् साहुलाई पनि मार्का नपरोस्
बैंकलाई मतलब धितोबाट कर्जा असुल्न
ए सरकार जसोतसो घर त चल्यो
खै बच्चाबुच्चीलाई सहुलियत शिक्षा सहुलियत प्राविधिक शिक्षाको परिपाटी
धनीलाई धनमाथि धनै छ
गरिबको चमेली ऋण माथि ऋण नै छ
ऋणको पैसाले मल ल्याउन भारत गयो
मलसँगै आफू पनि कारागार चलान भयौ
ए सरकार खै शास्ती जनतालाई
ए सरकार कर्जामा जनता छ कि देश
गरिब जन्मिन्छन् कर्जामा हुर्किन्छन् कर्जामा
कर्जा गरी विदेशिन्छ
सहयोगको आस समाजबाट पाउने कि नपाउने ए सरकार
मिटर ब्याजीलाई छैन तिरस्कार तर कमाउने स्रोत साधन जुटाउ सरकार
मिटर ब्याजीको गर्नु छैन हामीलाई प्रचार हामीलाई उठीबास
नगराउ ए सरकार मिली जुली रहनु छ सरकार
ए सरकार श्रम र रोजगार देउ कर्जामुक्त देश र समाज बनाऊ



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। बचाएको भ्रम ।।

यहाँ मान्छे मारेर
मान्छे भन्छ
मान्छे बचाएको छु !!
यहाँ धर्म मरेर
मान्छे भन्छ
भगवान, अल्लाह
बचाएको छु !!
यहाँ भागवत मारेर
कुरान बचाउँछ
कसैले कुरान मारेर भागवत बचाउँछ !!
यहाँ मानवता मारेर
मान्छे भन्छ
कि धर्म बचाएको छु !!
यहाँ भूगोल मारेर
नेता भन्छ
देश बचाएको छु !!
यहाँ म मारेर
मान्छे भन्छ
'म' बचाएको छु !!
यहाँ मधेस मारेर
मान्छे भन्छ
तराई बचाएको छु !!
यहाँ मुना मारेर,
मान्छे भन्छ,
मदनको प्रेम बचाएको छु !!
कठै मेरो देशको नागरिक,
देश मारेर भन्छन् ,
देश बचाएको छु !!



**राम सर**
**छिपहरमाई गा.पा. -४, पर्सा**

## ।। घरको सम्झना ।।

गाउँको त्यो सानो आँगन, आमाको त्यो माया,
अँगालोमा बेर्ने बाबाको शीतल छाया।
कामको यो सिलसिलामा दूर भए पनि,
मुटुभित्रै ढुकढुक गर्छ घरको सम्झना जहिले पनि।
साँझ परेसी सम्झिन्छु दिदी-भाइको रोदन-हाँसो,
परिवार नै रहेछ जिन्दगीको असली गाँसो।
मिठो-मसिनो जे जस्तो खाए पनि सँगै,
त्यही सम्झनाले आँखा रसाउँछ आज यसै।
टाढा छु म शरीरले, तर मन त उतै छ,
घर-परिवारकै खुसी मेरो हरेक सपनामा छ।
जति नै व्यस्त भए पनि दिनभरिको काममा,
रात परेसी ध्यान जान्छ केवल आफ्नै धाममा।



**नाम:अस्मिता मण्डल**

## ।। आमा ।।

-वात्सल्य दया करुणा, ममताकी हौं जननी।
सूर्य झैं ऊर्जा सुदृढ, शुद्ध स्नेहमयी धरणी।।
-न्यानो तातो कोख तिम्रो, प्रथम हो हाम्रो घर।
हे! विश्वात्मिका आमा, तिम्रै कृति हो यो तन।।
-मधुरो बोली मीठो मामु, स्वाद होस् तिम्रै हाथको।
कसरि सकूँला ऋण, निर्मल तिम्रो काखको ।।
-तिमी नै हौं गुरू प्रथम, मातृत्वको प्रतिमा प्यारी।
प्रातःस्मरणीय आमा,पूज्य स्वरूपा न्यारी।।
-पीडा दुःखमा मुस्कान, लाखौं भएपनि व्यथा।
खाएनौ हारेस् तिमी, सन्तानको पूर्ण कथा।।
-प्रेरणाकी तिमी दीपा, शक्तिस्रोत अटुट छ।
सदाचारी बनी हिँड्छु, प्रतिज्ञा यो अठोट छ।
-शीतल स्पर्श हथेली, कोमल चरणी पूजूँ।
देऊ आशीष लाखौं लाख उडेर चन्द्र छोपूँ।।



**विवेकाभिषेक शास्त्री**

## ।। बाध्यता ।।

बाध्यताले सिकायो धेरै कुरा,
आँसु लुकाएर हाँस्न पनि।
आफ्नै मन टुक्रिँदा-टुक्रिँदै,
अरूको मन राख्न पनि।
सानैदेखि देखेका सपना,
समयले चुपचाप खोस्यो।
आफ्नो खुसीभन्दा पहिला,
जिम्मेवारीले हात समात्यो।
मन त धेरै कराउँथ्यो,
"एकपटक आफ्नै लागि बाँचौँ" भनेर।
तर परिस्थितिले हरेकपटक,
"अझै होइन" भन्दै रोकिरह्यो।
जीवनले दिएको पीडा,
शब्दमा कहिल्यै अटाउँदैन।
बाध्यताले थिचिएको मन,
सजिलै कसैसँग खुल्दैन।
आज पनि मुस्कान ओठमा छ,
तर मनभित्र आँधी चलिरहेछ।
बाध्यता यस्तो साथी बन्यो,
जो कहिल्यै छोडेर जाँदैन।



**नामः खुशी कालिकोटे**
**ठेगानाः ओखलढुंगा, हाल जनकपुरधाम**

## ।। भाइको माया ।।

आँगनभरि हाँसो छर्छ, भाइको मीठो बोली,
उसको मायाले उज्यालिन्छ, जीवनको हर कोली।
साना-साना हात समाई, हिँड्न सिकाउँछ बाटो,
दुःख पर्दा साथ दिन्छ, बन्दैन कहिल्यै टाढो।
रिस उठे पनि क्षणभरमै, फेरि हाँस्दै आउँछ,
भाइको न्यानो मायाले, मनको पीर हराउँछ।
सुखमा सँगै रमाउँछौं, दुःखमा बन्छ ढाल,
भाइ जस्तो साथी पाउनु, साँच्चै ठूलो कमाल।
रगतको यो नाता हाम्रो, अमूल्य छ संसारमा,
भाइको माया फूलझैं फुलोस्, जीवनका प्रत्येक धारमा।
ईश्वरसँग यही प्रार्थना, रहोस् सधैं मुस्कान,
भाइको माया अमर बनोस्, जुगौं-जुगको पहिचान।



**लेखकः रश्मी दनुवार**
**मोरङ्ग, नेपाल**

## ।। पानीको महत्व ।।

पानी बिना जीवन कहाँ, पानी नै त प्राण,
यसकै भरमा फुल्छ बगैंचा, हरियो हुन्छ धान।
खोला, नाला, ताल र पोखरी, पानीकै उपहार,
यसले धर्ती सिँचेर राख्छ, बनाउँछ संसार।
तिर्खा लाग्दा पानी चाहिन्छ, दिन्छ शीतल छाया,
पानी बिना जीवजन्तुले पनि, पाउँदैनन् माया।
वर्षा बनी आकाशबाट, पानी झर्छ झमझम,
खेतबारीमा जीवन भर्छ, बज्छ खुशीको दमदम।
पानी जोगाऔं सबै मिलेर, नफालौं खेर व्यर्थ,
पानी नै हो अमूल्य धन, जीवनको साँचो अर्थ।
स्वच्छ पानी, स्वस्थ जीवन, यही हो सन्देश,
पानीको सम्मान गरौं, बढाऔं यसको विशेष।



**लेखकः बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। असामाजिक हुँ म ।।

हो असामाजिक हुँ म,
अव्यवहारिक हुँ म।
आखिर कुन समाजको लागि सामाजिक हुनु?
नीतिगत ढाँचामा अनैतिक कार्य गर्ने,
संवैधानिक तरिकाले असंवैधानिक कार्य गर्ने,
न्यायको साँचामा अन्याय गर्ने र
व्यवहारिक रुपमा दुर्व्यवहार गर्ने
समाजमा म सामाजिक हुन चाहन्न।
त्यसैले असामाजिक हुँ म,
अव्यवहारिक हुँ म ।।
कृष्णलाई पुजा गर्ने यो समाजले
कयौं प्रेमी कृष्णहरुलाई हत्या गरेको छ।
राधा-राधा जाप गर्ने यो समाजले
राधा जस्तै प्रेम वियोग भोगेका चेलीहरुलाई
राधा जस्तै लुकेर कृष्ण भेट्ने चेलीहरुलाई
चरित्रहिन भनि अपमान गरेको छ।
यो पुरुष प्रधान समाजले
महिलाको संवैधानिक अधिकार पनि
सामाजिक नियमले हनन गरेको छ।
यो खोक्लो समाजवादको समाजमा
म सामाजिक हुन चाहन्न।
त्यसैले असामाजिक हुँ म,
अव्यवहारिक हुँ म ।।
जातिय विभेदको यो समाज,
लैङ्गिक विभेदको यो समाज,
कुमारी कन्यालाई दुर्गा भन्दै
पुजाको दिन देवी बनाउँछ
टिका र फुल चढाउँछ।
बाँकी दिन,
सपना देख्ने आँखामा
त्याग र मौनता देखाउँछ।
त्रिसुल खोसेर
चुलो चौकाको डाडु थमाउँछ,
दासीझैं बाँच्न बाध्य पार्छ।
दोहोरो चरित्र बोकेको समाजमा
म सामाजिक हुन चाहन्न।
त्यसैले असामाजिक हुँ म,
अव्यवहारिक हुँ म।।
पत्थरको मूर्तिलाई गहना र सारी
लगाइदिने यहि समाजमा,
नाबालिकहरु बलत्कृत भएको सुनेर
म सामाजिक हुन चाहन्न।
छोरालाई आशिर्वाद दिन किन्नर बोलाउने,
र त्यहि किन्नर शब्द गालीमा प्रयोग गर्ने
समाजमा म सामाजिक हुन चाहन्न।
महादेब मन्दिर अगाडिको
गोरुको मुर्तिलाई खाना खुवाई,
त्यहि मन्दिर बाट जिउदै गाई
लखेटेको देखेर
म समाजिक हुन चाहन्न।
मृत्यु स्विकार गरि
हार स्विकार्न नसक्ने समाजमा
म समाजिक हुन चाहन्न।
त्यसैले असामाजिक हुँ म,
अव्यवहारिक हुँ म।।



**मुकेश कु. पुर्वे**
**बरियरपट्टी- ०३ (सिरहा)**

## ।। अपन अपने होइ छै ।।

अपन अपने होइ छै
आन आने होइ छै
सच्चा दोस्त दोस्तके
जान होइ छै
खुनक रिश्ता अमोल
होइ छै
एक भाई दोसर भाईके
सान होइ छै
लोक फिसियो के मन मोटाब
करै छै अपनो अपना मे
रिस्ता करकुटुम
दुख खरीमे पहचान होइ छै
पैसा धन संपत्ति सँ रिस्ता जोर बला
कहियो नै काम दैइ छै
आपत बिपत परल टाईमे
भाई भाइ के काम दैइ छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

# राम कार्कीले प्रलोपा छाडे



टुडे समाचारदाता

काठमाण्डु । प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का नेता राम कार्कीले पार्टी परित्याग गरेका छन् । तत्कालीन नेकपा माओवादी केन्द्र छाडेर जनार्दन शर्मासंग प्रलोपामा गएका कार्कीले पार्टी छाडेका छन् ।

पार्टी छिन्नभिन्न भएपछि जनार्दन मधेश केन्द्रित दलहरूसँग सहकार्यको गृहकार्यमा छन् । प्रचण्डले नेकपा एससँग एकता गरेपछि असन्तुष्टि जनाउँदै उनीहरूले पार्टी छाडेका थिए ।

उनले भनेका छन्, ' प्रगतिशील लोकतान्त्रिक पार्टीमा जम्मा हुन आइपुगेका हामीमध्ये अधिकांश संसदीय जडतामा फसेका पार्टीहरूबाट भर्खरभर्खर बाहिर आएका थियौँ । त्यसैले हामीमध्ये धेरैको निम्ति राजनीति भनेकै निर्वाचन हुन पुग्यो। त्यतिबेला निर्वाचनतर्फ नलागेर प्रगतिशील अभियानतर्फ हामी लागेको भए परिणाम सायद अर्कै हुने थियो ।'

उनले छोटो आयुमै प्रगतिशील लोकतान्त्रिक पार्टी विभाजित बन्न पुगेको उल्लेख गरेका छन् । पुराना पार्टीहरू विसर्जित भएको घोषणासहित अगाडि आएको प्रलोपा निर्वाचनको भुमरीमा पसेपछि आफ्नो वैचारिक अडानमा कायम रहन नसकेको उल्लेख गरेका छन् ।

उनले थपेका छन्, 'नेताहरूको एउटा समूहले एउटा पुरानो दलको हात समात्यो भने नेताहरूको अर्को समूह अर्कै पुरानो दलसँग हातेमालो गर्न पुग्यो । यसरी वैचारिक रूपमा निर्वाचनताका विघटित भएको पार्टी आज आएर सङ्गठनात्मक रूपमा पनि विभाजित भएको छ। यो विभाजन स्वाभाविक छ र यसरी भद्रतापूर्वक विभाजनमा गएकोमा मलाई व्यक्तिगत रूपमा सन्तोष लागेको छ ।'

उनले पार्टीको सुरुदेखि नै कुनै कार्यकारी पदमा नभएको उल्लेख गरेका छन् । हाल युवा तन्नेरीहरूको पहलमा निर्माणाधीन वैचारिक पाठशाला मार्क्सिस्ट स्कुल अफ प्राक्सिसमा अनुबन्धित रहने जनाए ।

# नियतमा शंका छैन, तर सरकारको कार्यशैली सुधारिनुपर्छ : सांसद मनिष झा

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य मनिष झाले वर्तमान सरकारको नियतमाथि आफूलाई शंका नरहे पनि काम गर्ने शैली र कार्यान्वयन प्रक्रियामा सुधार आवश्यक रहेको बताएका छन्। प्रतिनिधिसभाको शुक्रबार बसेको बैठकको विशेष समयमा बोल्दै उनले सरकार सफल हुनका लागि केवल असल नियत पर्याप्त नहुने, प्रभावकारी कार्यशैली, सिक्ने संस्कार र व्यवहारिक निर्णय आवश्यक पर्ने धारणा राखे ।

सांसद झाले सरकारप्रति आफ्नो धारणा स्पष्ट पार्दै भने, "अहिलेको सरकारमा इन्टिग्रिटी (निष्ठा) र इन्टेन्सन (नियत) मा शङ्का छैन, तर कताकता काम गर्ने ढङ्ग नपुगेको हो कि जस्तो लाग्छ।" उनका अनुसार राज्य सञ्चालनमा नीतिगत प्रतिबद्धतासँगै प्रभावकारी कार्यान्वयन, उत्तरदायित्व र समयअनुकूल निर्णय प्रक्रिया पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

उनले नेतृत्वले निरन्तर सिक्ने संस्कार अपनाउनुपर्नेमा जोड दिँदै गुगलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुन्दर पिचाईको भनाइ उद्धृत गरे। "यदि तपाईंलाई के थाहा छैन भन्ने नै थाहा छैन भने तपाईंलाई साँच्चै केही पनि थाहा छैन," भन्ने उक्त भनाइ उल्लेख गर्दै उनले आफूलाई सबै कुरा थाहा छ भन्ने मानसिकताले विकास र सुधारको सम्भावना कमजोर बनाउने बताए। राज्य सञ्चालनमा पनि नयाँ ज्ञान, अनुभव र सुझावलाई आत्मसात् गर्ने संस्कार



आवश्यक रहेको उनको भनाइ थियो ।

शिक्षाको महत्वबारे चर्चा गर्दै सांसद झाले शिक्षित नागरिक र सचेत समाजबिना स्वस्थ लोकतन्त्रको विकास सम्भव नहुने बताए । उनका अनुसार शिक्षा नै राजनीति परिष्कृत गर्ने, लोकतान्त्रिक संस्कार सुदृढ बनाउने, सामाजिक सन्तुलन कायम गर्ने तथा न्यायपूर्ण समाज निर्माण गर्ने आधार हो । त्यसैले शिक्षा क्षेत्रमा दीर्घकालीन सुधार र लगानी अपरिहार्य रहेको उनले उल्लेख गरे ।

मधेसको अवस्थाबारे बोल्दै उनले त्यहाँका नागरिकमा असन्तुष्टि अझै कायम रहेको दाबी गरे । सरकारले मधेसका समस्या र जनभावनाप्रति गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औँल्याउँदै उनले विभेदपूर्ण व्यवहार अन्त्य गर्न आग्रह गरे । सीमा क्षेत्र र अन्तर्राष्ट्रिय विमानस्थलमा हुने सुरक्षा जाँचको उदाहरण दिँदै उनले राज्यको व्यवहारमा असमानता रहेको टिप्पणी गरे। उनका अनुसार सीमा नाकामा सामान्य सामान बोकेर आउने गरिब नागरिकमाथि कडा निगरानी गरिने तर विमानस्थलमार्फत महँगा सामान ल्याउने धनी वर्गप्रति तुलनात्मक रूपमा सहज व्यवहार गरिने अवस्था देखिएको छ ।

उनले प्रश्न गरे, "बोर्डरमा आउने गरिब र एयरपोर्टमा आउने धनीलाई किन फरक व्यवहार?" राज्यका सबै नागरिकप्रति समान व्यवहार हुनुपर्ने लोकतान्त्रिक मूल्य विपरीत यस्तो विभेदपूर्ण अभ्यास भएको उनको भनाइ थियो ।

नेपालको अर्थतन्त्रलाई थप सबल बनाउन मधेश, प्रवासी नेपाली समुदाय तथा निजी क्षेत्रलाई विकासको साझेदार बनाउनु आवश्यक रहेको उनले बताए। भारतको उदाहरण प्रस्तुत गर्दै उनले प्रवासी नागरिकको लगानी आकर्षित गर्न नागरिकता, भिसा, लगानी तथा अन्य कानुनी व्यवस्थामा आवश्यक लचकता अपनाउनुपर्ने सुझाव दिए। प्रवासी नेपालीसँग पर्याप्त पूँजी, सीप र अन्तर्राष्ट्रिय अनुभव रहेकाले उनीहरूलाई लगानीका लागि प्रोत्साहित गर्न सके मुलुकको आर्थिक विकासमा ठूलो योगदान पुग्ने उनको विश्वास थियो ।

सांसद झाले निजी क्षेत्रको वर्तमान अवस्थाप्रति पनि चिन्ता व्यक्त गरे । व्यवसायीहरू अहिले आत्मविश्वासका साथ व्यवसाय सञ्चालन गर्ने वातावरणमा नभएको उल्लेख गर्दै उनले सरकार र निजी क्षेत्रबीच विश्वासको सम्बन्ध बलियो बनाउनुपर्ने बताए ।

उनले भने, 'प्रहरी देखेपछि सुरक्षित महसुस गर्नुपर्नेमा निजी क्षेत्रका व्यवसायीहरू कुन बेला घरमा छापा मार्ला र धरपकड गर्ला भनेर डराइरहेका छन् ।' कानूनको निष्पक्ष कार्यान्वयनसँगै व्यवसायमैत्री वातावरण निर्माण गर्न सरकारले विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

सांसद झाले अन्त्यमा सरकारलाई आत्मसमीक्षा गर्दै कार्यशैली सुधार्न, सबै क्षेत्रसँग सहकार्य गर्न र नागरिकको विश्वास जित्ने गरी काम गर्न आग्रह गरे । असल नियतलाई प्रभावकारी कार्यान्वयनसँग जोड्न सके मात्र सुशासन, आर्थिक सुधार र लोकतान्त्रिक सुदृढीकरणका लक्ष्य हासिल गर्न सकिने उनको निष्कर्ष थियो ।

## 'देउवा फर्किँदा धरपकड भए विरोध गर्छौं'



टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका राष्ट्रिय भेला आयोजक समितिका संयोजक डा. शशांक कोइरालाले सर्वोच्च अदालतको आदेशले पार्टी एकताबद्ध हुन सक्ने सम्भावना बढेको बताएका छन् ।

सम्पर्क कार्यालयमा पत्रकार सम्मेलन गरेर राष्ट्रिय भेलामा आउनेको संख्या बढ्ने बताए। उनले २६ गते पूर्वसभापति शेरबहादुर देउवा स्वदेश फर्किँदा धरपकड नहुने विश्वास व्यक्त गरे।

उनले भने, 'उहाँ फर्किँदा त्यस्तो धरपकड हुँदैन जस्तो लाग्छ। त्यस्तो भइहाले विरोध गर्छौं।'

उनले पूर्णबहादुर खड्काको स्वास्थ्य अवस्था राम्रो नभएकाले आजको पत्रकार सम्मेलनमा आउन नसकेको बताए। अर्का नेता शेखर कोइरालाको पनि समर्थन रहेको जिकिर गरे ।

'शेखर दाइ विराटनगरमा घर बनाउँदै हुनुहुन्छ। त्यसमा व्यस्त भएकाले आउन सक्नुभएन। तर उहाँको समर्थन छ', उनले भने ।

## खुला सीमा र प्रविधियुक्त सुरक्षा निगरानी नहुँदा पाँच सय बढी रोहिङ्ग्या नेपाल छिरे

काठमाण्डु । खुला सिमाना र प्रविधियुक्त सुरक्षा निगरानीसम्बन्धी व्यवस्था नहुँदा पाँच सयभन्दा बढी रोहिङ्ग्या शरणार्थी नेपाल प्रवेश गरेको पाइएको छ ।

विभिन्न समयमा नेपाल-भारत सीमानाका हुँदै ती रोहिङ्ग्या शरणार्थी अवैध रूपमा नेपाल प्रवेश गरेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

प्रहरीका अनुसार हालसम्म ५२६ जना रोहिङ्ग्या नेपालमा रहेका छन् । जसमा १६२ पुरुष, १४८ महिला र २१६ बालबालिका छन् । उनीहरू काठमाडौँको कपन, लसुनटार र राममन्दिर तथा ललितपुरको सुनाकोठी क्षेत्रमा बसोबास गरिरहेको प्रहरीले जनाएको छ ।

प्रहरी नायब महानिरीक्षक काफ्लेले सीमा क्षेत्रका प्रहरीलाई यस्ता व्यक्तिको अवैध प्रवेश रोक्न निर्देशन दिइएको बताउनुभयो । "खुला सिमाना तथा प्रविधियुक्त सुरक्षा निगरानीको व्यवस्था नहुँदा उस्तै हुलिया भएकाले पहिचानमा समस्या भएको छ", प्रहरी प्रधान कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "विदेशी नागरिक अवैध रूपमा नेपाल प्रवेश रोक्न विशेष निगरानी बढाइएको छ ।"

प्राकृतिक विपद्बाट हुनसक्ने क्षति न्यूनीकरणका लागि प्रहरीलाई उच्च सतर्कताको अवस्थामा राखिएको जानकारी दिनुभयो । केन्द्र, उपत्यका, प्रदेश, जिल्ला र स्थानीय तहसम्म प्रहरीलाई उपकरणसहित तयारी अवस्थामा राखिएको छ ।

विपद् पूर्वतयारी र प्रतिकार्यका लागि करिब १० हजार बढी प्रहरीलाई तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो । "केन्द्रस्तरको विपद् प्रतिकार्य तालिम केन्द्र, प्रदेशस्तरका विपद् व्यवस्थापन गुल्म र इलाका प्रहरीस्तरसम्म 'स्टाण्डबाइ' राखेका छौँ", उहाँले भन्नुभयो ।

विपद्का कारण प्रभावित हुने सेवा जतिसक्दो चाँडो सञ्चालनमा ल्याउन सरोकारवाला निकायसँग समन्वय गरी काम भइरहेको स्पष्ट पार्नुभयो।

### प्रहरी बेरुजु शून्य संगठन

प्रहरी संगठन बेरुजुसम्बन्धी गुनासालाई शीघ्र सम्पादन गरेर पुरस्कृत भएको उहाँको भनाइ छ । "हामीसँग खासै बेरुजु भएको अवस्थामा छैन"रासस

## मिडिया काउन्सिल विधेयक मस्यौदामाथि छलफल:

# प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारितालाई बलियो बनाउनुपर्ने सुझाव

काठमाण्डु । सूचना तथा सञ्चार मन्त्रालयले 'मिडिया काउन्सिल विधेयक, २०८३' को मस्यौदामाथि सञ्चार क्षेत्रका सरोकारवालासँग छलफल गर्दै सुझाव सङ्कलन थालेको छ ।

मन्त्रालयमा शुक्रबार आयोजित छलफलमा विभिन्न सञ्चारमाध्यमका सम्पादक तथा प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल तथा पत्रकारिता क्षेत्रसँग सम्बन्धित स्वतन्त्र सङ्घसंस्थाका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो । विधेयकमा समेटिनुपर्ने विषय, वर्तमान सञ्चार क्षेत्रका चुनौती तथा नियामकीय व्यवस्थाबारे विस्तृत सुझाव सङ्कलन गरिएको हो ।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सरोकारवालाबाट प्राप्त सुझावका आधारमा उत्कृष्ट, कार्यान्वयनयोग्य र भविष्यमुखी विधेयक तयार पारिने बताउनुभयो। उहाँले सरकार प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै प्रेस स्वतन्त्रताको सुनिश्चितताबिनाको लोकतन्त्र सुदृढ हुन नसक्ने धारणा व्यक्त गर्नुभयो ।

"प्रेस स्वतन्त्रता नभएको लोकतन्त्र बलियो हुन सक्दैन । तर जवाफदेहिता र उत्तरदायित्वविहीन सञ्चारमाध्यम पनि लोकतन्त्रका लागि योगदान गर्न सक्दैनन", उहाँले भन्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारले प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारितालाई समानान्तर रूपमा सुदृढ बनाउन चाहेको स्पष्ट पार्दै स्वच्छ, मर्यादित र उत्तरदायी पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिल स्थापना गर्ने उद्देश्य रहेको स्पष्ट पार्नुभयो । अहिलेको छलफल विधेयकको अन्तिम चरण नभई प्रारम्भिक परामर्श भएको उल्लेख गर्नुहुँदै उहाँले आगामी दिनमा पर्याप्त छलफल र सुझाव लिई परिस्कृत बनाउँदै लगिने बताउनुभयो । उहाँले अहिले सञ्चार जगत्ले भोगिरहेका चुनौतीलाई सम्बोधन गर्नेगरी कानुन बन्ने स्पष्ट पार्नुभयो । प्रेस काउन्सिलको संरचना, सदस्य सङ्ख्या तथा कार्यप्रणालीसम्बन्धी विषयलाई उत्कृष्ट अन्तरराष्ट्रिय अभ्याससमेतलाई आधार बनाएर विधेयक मस्यौदामा राखिने उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले पछिल्लो समय सञ्चारमाध्यमप्रतिको विश्वसनीयता घट्दै गएको सन्दर्भमा गलत सूचना (मिसइन्फरमेसन), भ्रामक सूचना, डिपफेक, कृत्रिम बौद्धिकतामार्फत सिर्जित सामग्री तथा पित पत्रकारिताले समाजमा पारेको प्रभावलाई कानुनमार्फत सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले जिम्मेवार पत्रकारिताले सरकार र सम्पूर्ण समाजलाई सही दिशामा अघि बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले नियमन र स्वतन्त्रताबीच सन्तुलन आवश्यक रहेकोसमेत

> "प्रेस स्वतन्त्रता नभएको लोकतन्त्र बलियो हुन सक्दैन । तर जवाफदेहिता र उत्तरदायित्वविहीन सञ्चारमाध्यम पनि लोकतन्त्रका लागि योगदान गर्न सक्दैनन्"



आग्रह गर्नुभयो । अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा अरूको अधिकार हनन हुन नहुने, काउन्सिलमा प्रदेशको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने उहाँको भनाइ थियो ।

छलफलका सहभागीहरूले सञ्चारमाध्यामको अवस्था विगतको भन्दा धेरै परिवर्तन भइसकेको सन्दर्भमा नयाँ कानुन आवश्यक भए पनि त्यो नियन्त्रणमुखी नभई निर्माणमुखी र स्वनियमन केन्द्रित हुनुपर्ने धारणा राख्नुभएको छ। सहभागीहरूले नेपालका सञ्चारमाध्यम उदार नीति र सामाजिक उत्तरदायित्वको सिद्धान्तअनुसार सञ्चालन हुँदै आएकाले नियन्त्रणभन्दा स्वनियमन र सामाजिक उत्तरदायित्वलाई अझ सशक्त बनाउने दिशामा कानुन केन्द्रित हुनुपर्ने सुझाव दिनुभएको छ ।

पत्रकारिता वा सञ्चारमाध्यामसँग सम्बन्धित कानुन बनाउँदा विधिशास्त्रीय सिद्धान्त पालना गर्नुपर्ने, सञ्चारसम्बन्धी विषयमा अनावश्यक रूपमा फौजदारी कानुन प्रयोग गर्न नहुने तथा मिडिया कानुनद्वारा सञ्चालित संस्था र व्यक्तिलाई सामान्य अवस्थामा फौजदारी कानुनको दायरामा ल्याउन नहुने धारणा पनि सहभागीहरूको थियो ।

छलफलमा अहिलेको सञ्चार परिदृश्य परम्परागत संरचनाभन्दा धेरै फरक भइसकेको भन्दै विधेयकले कृत्रिम बौद्धिकता (एआई), डिजिटल पत्रकारिता, अनलाइन प्लेटफर्म तथा समाचार उत्पादनका नयाँ अभ्यासलाई समेट्नुपर्ने सुझाव आएका छन्। सहभागीहरूले कृत्रिम बौद्धिकताबाट समाचार सङ्कलन, निर्माण तथा प्रकाशन-प्रसारण हुन थालेको अवस्थामा त्यस्ता सामग्रीलाई पनि मिडिया काउन्सिलको क्षेत्राधिकारभित्र कसरी ल्याउने भन्ने स्पष्ट व्यवस्था आवश्यक रहेको बताउनुभयो ।

छलफलमा पत्रकार, ब्लगर र इन्फ्लुएन्सरको कानुनी पहिचान स्पष्ट गर्नुपर्ने विषय प्रमुख रूपमा उठ्यो । केही सहभागीले पत्रकारिता गर्ने व्यक्तिलाई परीक्षा र लाइसेन्सको व्यवस्था गर्नुपर्ने तथा त्यसलाई प्रेस काउन्सिलमार्फत कार्यान्वयन गर्न सकिने सुझाव दिनुभयो ।

प्रस्तावित मिडिया काउन्सिलका अध्यक्ष तथा सदस्य नियुक्तिका लागि स्वतन्त्र, निष्पक्ष र पारदर्शी छनोट समिति गठनसम्बन्धी व्यवस्था विधेयकमा राख्नुपर्ने सुझाव पनि छलफलका क्रममा आएका छन् । सञ्चारमाध्यममा कार्यरत व्यक्ति तत्काल काउन्सिलमा नियुक्त हुँदा निष्पक्षतामा प्रश्न उठ्न सक्ने भएकाले 'कुलिङ पिरियड'को व्यवस्था गर्नुपर्ने धारणा केही सहभागीहरूको थियो ।

काउन्सिलका सदस्यलाई पूर्णकालीन बनाउनुपर्ने, सञ्चार क्षेत्रबाहिरका अनुसन्धानकर्ता तथा प्राध्यापकलाई पनि छनोट प्रक्रियामा बताउनुभयो ।

छलफलमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले मिडिया काउन्सिल विधेयकमा सामाजिक सञ्जाल र सञ्चारमाध्यमको अधिकारक्षेत्र स्पष्ट रूपमा छुट्याइनुपर्ने बताउनुभयो । उहाँले यसअघि नै पत्रकार महासङ्घ र प्रेस काउन्सिलले सरकारलाई दिएका सुझावलाई पनि विधेयकमा समेट्न सकिने र विभिन्न निकायबाट पदेन सदस्य राख्ने विषय आवश्यकता र औचित्यका आधारमा तय गर्नुपर्ने सुझाव दिइयो ।

छलफलमा 'राइट टु रिप्लाई' अर्थात् प्रतिउत्तरको अधिकार सुनिश्चित गर्नुपर्ने तथा सञ्चारमाध्यमले आफ्नै आन्तरिक आचारसंहिता लागू गर्ने बाध्यकारी व्यवस्था विधेयकमा राख्न पनि सुझाव पनि आएको थियो । त्यस्तै, पत्रपत्रिका तथा पत्रकारलाई स्वघोषणाको व्यवस्था अनिवार्य गराउने, स्वार्थको द्वन्द्व (कन्फ्लिट अफ इन्ट्रेस्ट) सम्बन्धी व्यवस्थालाई कानुनमा समेट्ने, सञ्चारमाध्यमले एकअर्काको सामग्री प्रयोग गर्दा स्रोत र श्रेय (क्रेडिट) अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने तथा मिडिया साक्षरता अभिवृद्धिलाई पनि विधेयकले प्राथमिकता दिनुपर्ने धारणा सहभागीहरूबाट आएका छन् ।

छलफलमा मिडिया काउन्सिलको क्षेत्राधिकारभित्र कुन-कुन माध्यम पर्ने भन्ने विषयमा स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने सुझाव आएका छन् ।

सञ्चारमाध्यमका सामाजिक सञ्जाल प्लेटफर्म, पत्रकारले सामाजिक सञ्जालमा राखेका सामग्री वा अन्य डिजिटल सामग्री कुन हदसम्म काउन्सिलको नियमनभित्र पर्ने भन्ने विषय खुलाउनुपर्ने सहभागीहरूको भनाइ थियो । साथै, आमसञ्चार विधेयक, मिडिया काउन्सिल विधेयक र सामाजिक सञ्जालसम्बन्धी विधेयकलाई आपसमा समन्वय गरेर सँगसँगै अघि बढाउनुपर्ने सुझाव पनि छलफलमा प्रस्तुत गरियो ।

सहभागीहरूले प्रेस काउन्सिल सरकारको असल सल्लाहकार निकायका रूपमा पनि विकास हुनुपर्ने, नियमनको उद्देश्य नियन्त्रण नभई पत्रकारिताको गुणस्तर सुधार र उत्तरदायित्व अभिवृद्धि हुनुपर्ने तथा वर्तमान मिडिया परिदृश्यलाई ध्यानमा राखेर पुरानो अवधारणाभन्दा फरक ढङ्गले विधेयक पुनर्लेखन गर्नुपर्नेमा जोड दिनुभएको छ। रासस

# विद्युत क्षेत्रका समस्या समाधान गर्न सांसदहरूको माग

काठमाण्डु । विद्युतका क्षेत्रमा धेरै किसिमका समस्या भएकाले त्यसको समाधान गरिनुपर्नेमा सांसदहरूले जोड दिएका छन् ।

प्रतिनिधिसभा, पूर्वाधार विकास समितिको आजको बैठकमा विद्युत्का विषयमा भएको छलफलका क्रममा समिति सभापति आशिष गजुरेलले पोल नसार्दा विश्व बैंक र एसियाली विकास बैंकका प्रतिनिधिले पनि गुनासो गर्ने गरेको बताउनुभयो। पोल नसारेर विकास निर्माणका काममा ढिलाइ हुँदै आएको छ ।

सांसद भरतकुमार स्वाँरले हाइटेन्सन लाइनको करेन्ट लागेर अछाम जिल्लामा मात्र वार्षिक १२-१३ जनाको निधन हुने गरेकाले समस्या समाधान गर्न माग गर्नुभयो । हावा लाग्दा र पानी पर्दा विद्युत् लाइन जाने समस्या भएकाले ग्राहक दुःखी रहेकाले समाधान गराउन उहाँले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद डा राम लामाले काठको पोलका कारण समस्या भएकाले त्यसलाई कङ्क्रिटको पोलमा रुपान्तरण गर्न माग गर्नुभयो । सांसद पूर्णप्रसाद लिम्बूले सङ्खुवासभामा एकै स्थानमा तीनवटा हइड्रोपावर



आयोजना रहेको उल्लेख गर्नुहुँदै जिल्लाका अन्य स्थानमा भने आयोजना नरहेको बताउनुभयो ।

सांसद धनेन्द्र कार्कीले सिन्धुलीमा झ्याप्पझ्याप्प बत्ती गइरहने गरेकाले पहिले जङ्गलमा कालो तार हाल्न माग गर्नुभयो । तीनपाटन गाउँपालिकाको सबस्टेसन जडान भएको १२ वर्ष पुग्दा पनि सुरु नभएकाले छिटो सुरु गर्न पनि उहाँले सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो ।

सांसद गोपाल शर्माले कर्णाली प्रदेशमा विद्युत् प्रसारण लाइन र सबस्टेसन पर्याप्त नभएकाले बढाउन माग गर्नुभयो। नेपाल विद्युत् प्राधिकरणले सिङ्गो कर्णाली प्रदेशको एकीकृत टेन्डर गर्ने काम नभई योजना अलपत्र हुने गरेको पनि उहाँले सुनाउनुभयो। कर्णाली प्रदेशमा बेलाबेला बत्ती गइरहने सांसद शर्माको गुनासो थियो।

सांसद सृष्टि भट्टराईले विद्युत्को समस्या उत्पादनमा हो कि वितरण प्रणालीमा भन्ने छुट्याउन नसकिएको उल्लेख गर्नुहुँदै एउटै सडक पटकपटक खन्नुपर्ने अवस्था किन आउँछ ? भनी प्रश्न गर्नुभएको थियो । सांसद धर्मराज केसीले विद्युत् क्षेत्रको समस्याका बारेमा अनुगमनको अभाव हुँदा पनि धेरै समस्या समाधान हुन नसकेको बताउनुभयो।

सांसद सुनिल केसीले काठमाडौँ निर्वाचन क्षेत्र नं २ अन्तर्गत थलीमा रहेको विद्युत प्राधिकरणको शाखा कार्यालयले कागेश्वरी मनोहरा र शङ्खरापुर नगरपालिका हुँदै मेलम्ची नगरपालिकासम्मको भेग हेर्ने भएकाले काममा समस्या आएको बताउनुभयो । काठमाडौँ जिल्लामै पर्ने शङ्खरापुर क्षेत्रमा बत्ती गइरहने गरेकाले यो समस्या समाधान गर्न पनि ध्यानाकर्षण गराउनुभयो ।

सांसद मोहम्मद फिरोद आलमले वर्षा, हुरीबतासका कारण रौतहटमा २४सै घण्टा बत्ती जाने गरेको बताउनुभयो । प्राधिकरणका कार्यालयलाई स्थानीय तहसँग जोडेर जनउत्तरदायी बनाउन व्यवस्था मिलाउन पनि उहाँले माग गर्नुभयो। रौतहटमा लालबकैया नदीको अनियन्त्रित बाढीले बालीनाली नष्ट गरी जीउधनकै पनि क्षति हुने अवस्था रहेकाले समस्या समाधान गराउन पनि सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# गर्मी छल्न उत्तर कोरियामा कुकुरको सूपदेखि जिनसेङ ब्रोथसम्म

एएफपी । कोरियाली प्रायद्वीपमा यस वर्षको गर्मीले कीर्तिमान तोड्दै तापक्रम ४० डिग्री सेल्सियस आसपास पुगेपछि उत्तर कोरियाले नागरिकलाई गर्मीबाट राहत पाउन कुकुरको मासुको सूप, जिनसेङयुक्त ब्रोथलगायत परम्परागत परिकार सेवन गर्न सुझाएको छ । दक्षिण कोरियामा भने अत्यधिक गर्मीका कारण २३ जनाको मृत्यु भइसकेको छ र गत साता लगातार तीन दिन नयाँ उच्च तापक्रमको रेकर्ड बनेको थियो ।

दक्षिण कोरियामा आइतबार तापक्रम ४२.५ डिग्री सेल्सियस पुगेको थियो । उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले पनि देशका केही क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियससम्म पुगेको जनाएको छ । गर्मी बढेसँगै त्यहाँ सैन्य गतिविधिका कारण हुने आगलागीको जोखिमबारे चेतावनीसँगै गर्मी छल्ने घरेलु तथा परम्परागत उपायबारे सामग्री सार्वजनिक भइरहेका छन् ।

उत्तर कोरियाको सरकारी अखबार रोडोङ सिनमुनले एक चिकित्सकलाई उद्धृत गर्दै आइतबारको चर्को गर्मीमा कुकुरको मासुको सूप सेवन गर्नु ‘पोषण पूरकका लागि लाभदायक’ बताएको छ । उत्तर कोरियामा कुकुरको मासुको सूपलाई परम्परागत रूपमा गर्मीको सबैभन्दा तातो समयमा सेवन गरिने परिकारका रूपमा लिइन्छ ।

त्यस्तै, सरकारी कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) ले बुधबार सामग्ये-ताङ अर्थात् जिनसेङ, चिप्लो चामल र खुर्सानीसहितको ब्रोथमा पकाइएको कुखुराको परिकारलाई गर्मीका लागि उपयोगी खानाका रूपमा प्रस्तुत गरेको छ । केसीएनएले ‘जस्तो उपचार उस्तै’ भन्ने कोरियाली भनाइ उद्धृत गर्दै यसलाई दक्षिणी सीमावर्ती सहर केसाङको विशेष परिकारका रूपमा उल्लेख गरेको छ ।

केसीएनएका अनुसार केसाङमा उत्पादन हुने जिनसेङ विशेष माटो, पानी र खेती प्रणालीका कारण औषधीय गुणका हिसाबले उत्कृष्ट रहेको दाबी गरिएको छ । “कोरियाली जनताले गर्मीको सबैभन्दा तातो अवधिमा तातो खाना खानुलाई स्वास्थ्यका लागि राम्रो परम्परा मान्छन्”, सरकारी समाचार संस्थाले जनाएको छ ।




“कोरियाली जनताले गर्मीको सबैभन्दा तातो अवधिमा तातो खाना खानुलाई स्वास्थ्यका लागि राम्रो परम्परा मान्छन”

गर्मी छल्न तातो परिकार सेवन गर्ने यस्तो परम्परा एसियाका अन्य भागमा प्रचलित उपायभन्दा फरक देखिन्छ । अन्य कतिपय स्थानमा भने जाडोको खरबूजाको सूपजस्ता चिसो तथा हल्का परिकारलाई गर्मीमा राहत दिने परम्परागत खानाका रूपमा लिइन्छ ।

**विभाजित कोरियामा फरक दृश्य**

कुनै समय दक्षिण कोरियामा पनि गर्मीमा कुकुरको मासु लोकप्रिय परिकारका रूपमा सेवन गरिन्थ्यो । तर दक्षिण कोरियाले कुकुरको मासु उत्पादन तथा बिक्रीमा प्रतिबन्ध लगाउने कानून कार्यान्वयन गर्दैछ र सन् २०२७ को फेब्रुअरीसम्ममा उक्त अभ्यास पूर्ण रूपमा गैरकानूनी बन्नेछ ।

दक्षिण कोरियामा आइतबार तापक्रम कीर्तिमानी उचाइमा पुगेका बेला एएफपीका एक पत्रकारले दुई कोरियालाई छुट्याउने डिमिलिटाराइज्ड जोन (असैन्यीकृत क्षेत्र) को भ्रमण गरेका थिए । सन् १९५०-५३ को कोरियाली युद्ध युद्धविरामसँगै अन्त्य भएको थियो ।

युद्धविराम रेखापारि उत्तर कोरियाको केसाङ सहर गर्मीको धुवाँ र तुवाँलोबीच टाढैबाट देखिन्थ्यो । विश्वकै अग्लामध्ये एक १६० मिटर अर्थात् ५२५ फिट अग्लो खम्बामा फहराइएको उत्तर कोरियाको विशाल प्रचार झण्डा पनि उच्च आर्द्रताका कारण केही झुकेको देखिन्थ्यो ।

त्यसै समयमा दक्षिण कोरियाको राजधानी सियोलमा अधिकारीहरूले नागरिकलाई बाहिरी गतिविधि रोक्न आग्रह गर्दै आपत्कालीन चेतावनी जारी गरिरहेका थिए । तर केसाङको बाहिरी क्षेत्रमा हेर्ने मञ्चबाट दूरबिनमार्फत हेर्दा मानिसहरू साइकल चलाइरहेका र खेतमा काम गरिरहेका देखिन्थे ।

विज्ञहरूका अनुसार आर्थिक रूपमा एकान्तमा रहेको उत्तर कोरिया अत्यधिक गर्मीको सामना गर्न दक्षिण कोरियाभन्दा कम सक्षम छ । वैज्ञानिकहरूले विश्वव्यापी जलवायु परिवर्तनका कारण मौसमका चरम घटनाहरू थप तीव्र बन्दै गएको बताउँदै आएका छन् ।

गर्मीका लहरबीच उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले सर्वोच्च नेता किम जोङ-उनले गत वर्ष उद्घाटन गर्नुभएको वोनसान समुद्री रिसोर्टमा नागरिकको भीड लागेको दृश्य पनि प्रसारण गरेको छ । ती दृश्यमा मानिसहरू कायाक तथा विभिन्न रङका फुल्ने खेलौनामा समुद्रमा रमाइरहेका र जेटस्कीमा समुद्रकिनारमा दौडिरहेका देखाइएको थियो ।

“समुद्री तट बिहान ८ बजेतिर मानिसको भीडले भरिन्छ र रातिसम्मै चहलपहल रहन्छ”, सरकारी टेलिभिजनको समाचारमा भनिएको थियो ।

**गर्मीमा राहतको अभाव**

तर राज्य सञ्चारमाध्यमले देखाउने समुद्री रिसोर्टको दृश्यभन्दा बाहिर उत्तर कोरियाका धेरै नागरिकका लागि गर्मीबाट राहत पाउने सुविधा सीमित रहेको विज्ञहरू बताउँछन् ।

गरिबी र कमजोर पूर्वाधारका कारण देशका धेरै क्षेत्रमा वातानुकूलन, पर्याप्त विद्युत् र स्वच्छ पानीको पहुँच चुनौतीपूर्ण रहेको उनीहरूको भनाइ छ ।

स्टिम्सन सेन्टरको कोरिया कार्यक्रमकी वरिष्ठ फेलो राचेल मिन्युङ लीले उत्तर कोरियाली राज्य सञ्चारमाध्यमले पानी र विद्युत् आपूर्ति सुनिश्चित गर्नुपर्ने विषयमा जोड दिनुले ती आधार भूत सेवा दबाबमा रहेको सङ्केत गर्ने बताउनुभएको छ ।

“उत्तर कोरियालीहरू सम्भवतः दक्षिण कोरियालीभन्दा गर्मीबाट बढी प्रभावित छन्, किनकि उनीहरूसँग दक्षिण कोरियामा जस्तो पूर्वाधार छैन”, उहाँले भन्नुभयो ।

विश्व खाद्य कार्यक्रमका अनुसार करिब दुई करोड ६० लाख जनसङ्ख्या रहेको उत्तर कोरियामा ४० प्रतिशतभन्दा बढी मानिस कुपोषणबाट प्रभावित छन् । यस्तो अवस्थामा गर्मीबाट राहत पाउन आवश्यक सुविधा र पर्याप्त खाद्यान्नको उपलब्धता पनि ठूलो चुनौती बन्ने गरेको छ ।

यसको विपरीत, दक्षिण कोरियाको राजधानी सियोलमा मानिसहरू आयातित कफीबाट बनाइएका आइस्ड ल्याटे, इटालियन जिलेटो र दक्षिण अमेरिकी असाई फलबाट तयार गरिएका चिसा परिकार सेवन गरेर गर्मी छलिरहेका छन् । दक्षिण कोरियाली अधिकारीहरूले नागरिकलाई वातानुकूलित स्थानमा बस्न र लामो समय घाममा नबस्न पटकपटक आग्रह गरेका छन् । एक व्यक्तिसमेत बेसबल खेलका क्रममा गर्मीसम्बन्धी समस्याका कारण ढलेका थिए ।

तर लीका अनुसार उत्तर कोरियाका प्रान्तीय क्षेत्रमा रहेका कारखानासमेत दीर्घकालीन विद्युत् अभावका कारण पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । उहाँका अनुसार यसले प्योङयाङबाहिरका धेरै नागरिकसँग वातानुकूलन वा विद्युतीय पंखाको समेत सीमित पहुँच रहेको देखाउँछ र यसका कारण हालको चरम गर्मी सहन उनीहरूलाई थप कठिन भइरहेको छ ।

उत्तर कोरियाको राज्य सञ्चारमाध्यमले देशको मूल राष्ट्रिय सिद्धान्त ‘जुछे’ अर्थात् आत्मनिर्भरतालाई निरन्तर प्राथमिकता दिँदै आएको छ । त्यहाँका सञ्चारमाध्यमले प्योङयाङका सैन्य, आर्थिक र सांस्कृतिक उपलब्धिलाई आत्मनिर्भरताको प्रमाणका रूपमा प्रस्तुत गर्ने गरेका छन् भने दक्षिण कोरियालाई आफ्नो ‘सबैभन्दा शत्रुतापूर्ण’ प्रतिद्वन्द्वीका रूपमा चित्रण गर्ने गरेका छन् ।

तर खानपानका केही परम्परा भने दुवै कोरियामा अझै साझा छन् । सामग्ये-ताङ दक्षिण कोरियामा पनि लोकप्रिय परिकार हो र विशेषगरी गर्मीका समयमा यसको माग बढ्ने गर्छ ।

सियोलस्थित जाङ्सु सामग्ये-ताङ रेस्टुरेन्टका सञ्चालक सोन ह्युङ-सिओले तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेपछि मानिसहरू बाहिर निस्कन कम गर्ने बताउनुभयो ।

“यस्तो अवस्थामा मानिसहरू बाहिर जानबाट जोगिन्छन् । त्यसैले सामान्यतया जाडोको तुलनामा गर्मीमा बढी ग्राहक आउने भए पनि अहिले व्यापार सुस्त पार्नुबाहेक अरू विकल्प छैन”, उहाँले भन्नुभयो ।

# इन्फान्टिनोप्रति युइएफएको अविश्वास कायम




एजेन्सी । युरोपेली फुटबल महासंघ (युइएफए) ले फिफा अध्यक्ष जियानी इन्फान्टिनोप्रतिको आफ्नो अविश्वास अझै कायम रहेको जनाएको छ ।

इंग्लिस फुटबल एसोसिएसन (एफए) ले इन्फान्टिनोलाई दिएको समर्थन फिर्ता लिए पनि फिफाको पछिल्लो स्पष्टीकरणले आफ्नो धारणा परिवर्तन नगरेको युइएफएले स्पष्ट पारेको छ ।

युइएफएले आवश्यक परे फिफा विश्वकपसहितका प्रमुख अन्तर्राष्ट्रिय प्रतियोगिता बहिष्कार गर्ने विकल्प अझै टेबलमा रहेको संकेत दिएको छ ।

निजी लगानीकर्तालाई विश्वकपजस्ता प्रतियोगितामा हिस्सेदारी बेच्ने प्रस्ताव पूर्ण रूपमा फिर्ता लिनुका साथै भविष्यमा यस्ता प्रयास दोहोरिने छैनन् भन्ने स्पष्ट प्रतिबद्धता चाहिएको यूईएफएको भनाइ छ । यी दुवै सर्त पूरा नभएकाले इन्फान्टिनोप्रतिको विश्वास फर्किन नसकेको उसले जनाएको छ ।

विवादको केन्द्रमा रहेको ‘फिफा फर्वार्ड इन्टरप्राइज (एफएफई)’ योजनामार्फत पुरुष र महिला विश्वकपलगायतका प्रतियोगितामा निजी लगानी भित्र्याउने प्रस्ताव अघि सारिएको थियो ।

त्यसको समर्थन गरे प्रत्येक सदस्य संघलाई ४० मिलियन अमेरिकी डलर उपलब्ध गराउने योजना रहेको बताइएको थियो। तर व्यापक विरोधपछि फिफाले प्रक्रिया सञ्चालनमा कमजोरी भएको स्वीकार गर्दै प्रस्ताव अघि नबढाउने निर्णय गरेको थियो ।

यद्यपि युइएफएले फिफाको माफीलाई पर्याप्त मानेको छैन। अध्यक्ष इन्फान्टिनोका निकट अधिकारीहरूले मात्र समर्थन जनाउँदै विज्ञप्ति जारी गर्नुले विवाद समाधान नहुने उसको धारणा छ ।

प्रस्ताव कसले तयार गर्‍यो, प्रक्रिया कति पारदर्शी थियो र त्यसबाट कसैलाई व्यक्तिगत लाभ पुग्ने अवस्था थियो कि थिएन भन्ने प्रश्नको स्पष्ट जवाफ अझै नआएको युइएफएको दाबी छ।

इन्फान्टिनोविरुद्ध युरोपेली फुटबल उभिए पनि विश्व फुटबलमा भने उनी अझै बलियो देखिएका छन् ।

दक्षिण अमेरिकी फुटबल महासंघ (कोन्मेबोल), अफ्रिकी फुटबल महासंघ (काफ), मेक्सिको र अर्जेन्टिनाका फुटबल संघले सार्वजनिक रूपमा उनको समर्थन गरेका छन् ।

युइएफएसँग इन्फान्टिनोविरुद्ध अविश्वास प्रस्ताव ल्याउने, विशेष कांग्रेस बोलाउने वा आगामी अध्यक्षीय निर्वाचनमा साझा उम्मेदवार उतार्ने विकल्प छन्। तर फिफाका २ सय ११ सदस्य संघमध्ये बहुमत समर्थन जुटाउन चुनौतीपूर्ण देखिएकाले विश्वकप बहिष्कारको विकल्पलाई पनि उसले खुला राखेको छ ।

पोल्यान्डमा सेप्टेम्बर ५ देखि सुरु हुने फिफा यु २० महिला विश्वकपमा इंग्ल्यान्डसहित ६ युरोपेली टोली सहभागी हुनेछन्। त्यसअघि युइएफएले आफ्नो चेतावनीलाई व्यवहारमा उतार्छ वा कूटनीतिक प्रयासलाई निरन्तरता दिन्छ भन्ने विषय विश्व फुटबलको प्रमुख चासो बनेको छ ।

# भिनिसियसले रियलसँग ६ वर्षको नयाँ सम्झौता




एजेन्सी । ब्राजिलका विंगर भिनिसियस जुनियरले स्पेनिस क्लब रियल म्याड्रिडसँग नयाँ ६ वर्षे सम्झौता गरेका छन् । योसँगै उनी अब सन् २०३२ जुन ३० सम्म सान्टियागो बेर्नाबेउमै रहने भएका छन्।

२६ वर्षीय भिनिसियसको अघिल्लो सम्झौताको अवधि सकिन अब एक वर्ष मात्र बाँकी थियो। पछिल्ला केही साताम‍ा आर्सनलले उनलाई भित्र्याउने चासो देखाएको चर्चा चले पनि अन्ततः उनले रियलमै रहने निर्णय गरेका हुन् ।

सम्झौतापछि भिनिसियसले इन्स्टाग्राममा लेखेका छन्, ’बेर्नाबेउमा बिताएका ८ वर्ष निकै छोटो लाग्यो। अब थप ६ वर्ष, त्यसपछि सधैंका लागि ।’

रियलले पनि विज्ञप्तिमार्फत भिनिसियसलाई क्लबको इतिहासकै सबैभन्दा सफल युगका महत्वपूर्ण खेलाडीमध्ये एक भएको जनाएको छ ।

नयाँ सम्झौताका लागि दुवै पक्षबीच लामो समयदेखि वार्ता चलिरहेको थियो। केही समय वार्ता रोकिएको भए पनि बुधबार रियलले नयाँ प्रस्ताव राखेपछि सहमति भएको बताइएको छ ।

भिनिसियस सन् २०१८ मा ब्राजिलियन क्लब फ्लामेङ्गोबाट रियल पुगेका थिए। त्यसयता उनले सबै प्रतियोगितामा ३ सय ७५ खेलमा १ सय २८ गोल गरेका छन्। ब्राजिलका लागि उनले ५४ खेलमा १३ गोल गरेका छन् ।

रियलबाट उनले २ पटक यूईएफए च्याम्पियन्स लिग, ३ पटक ला लिगा तथा १ पटक कोपा डेल रेको उपाधि जितिसकेका छन् ।

भिनिसियसले रियलको प्रस्ताव अस्वीकार गरेको भए आर्सनलले उनलाई अनुबन्ध गर्न थप प्रयास गर्ने तयारी गरेको बताइएको थियो । नयाँ सम्झौतासँगै त्यो सम्भावना समाप्त भएको छ ।

यही दिन रियलले आरबी लाइपजिगबाट आइभरी कोस्टका विंगर यान डियोमान्डेलाई अधिकतम १ सय ४० मिलियन युरो बराबरको सम्झौतामा अनुबन्ध गरेको घोषणा पनि गरेको छ ।

नयाँ मुख्य प्रशिक्षक जोसे मोरिन्होको नेतृत्वमा डियोमान्डे रियलको यो सिजनका छैटौं नयाँ खेलाडी हुन्। यसअघि क्लबले बर्नार्डो सिल्भा, इब्राहिमा कोनाते, डेन्जेल डुम्फ्रिज, मार्क कुकुरेला र कार्लोस एस्पीलाई टोलीमा भित्र्याइसकेको छ ।

रियलले म्यानचेस्टर सिटी तथा स्पेनका मिडफिल्डर रोड्रीलाई पनि अनुबन्ध गर्ने प्रयास गरिरहेको छ । तर उनको दौडमा अब बार्सिलोना पनि सामेल भएको बताइएको छ ।

# कङ्गोमा इबोला सङ्क्रमितको संख्या चार हजार नाघ्यो



रासस/सिन्ह्वा । लोकतान्त्रिक गणतन्त्र कङ्गोमा सङ्क्रमण पुष्टि भएका इबोला केसहरूको सङ्ख्या चार हजार ५३ जना पुगेको जनाइएको छ । तीमध्ये एक हजार ८५० जनाको मृत्यु भएको छ । स्वास्थ्य अधिकारीहरूले भाइरसको अभूतपूर्व प्रकोपका बारेमा अनुसन्धान गरिरहेको जनाएका छन् ।

बुन्डिबुग्यो इबोला भाइरसको कारणले भएको यो प्रकोप विश्वव्यापी रूपमा रेकर्ड गरिएको दोस्रो सबैभन्दा ठूलो इबोला प्रकोप भएको जनाइएको छ भने सन् १९७६ मा देशमा पहिलो पटक भाइरस पहिचान भएदेखि कङ्गोमा सबैभन्दा ठूलो सङ्कट निम्त्याएको जनाइएको छ ।

सङ्क्रमण नियन्त्रणको प्रतिक्रिया जारी रहेको जनाइएको छ भने कङ्गोका अधिकारीहरूले जारी गरेको पछिल्लो तथ्याङ्कअनुसार बुधबारसम्म देशका इटुरी, उत्तर किवु, दक्षिण किवु, हाट-उले र सोपो प्रान्तका ५३ वटा स्वास्थ्य क्षेत्रमा सङ्क्रमित फेला परेका थिए । प्रकोपको केन्द्र इटुरी प्रान्तमा पुष्टि भएका केसहरूको ८६.९ प्रतिशत रहेको जनाइएको छ ।

अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (अफ्रिका सिडिसी) का महानिर्देशक जिन कासेयाले पत्रकारहरुसँगको भर्चुअल साक्षात्कारमा प्रस्तुत गरिएको तथ्याङ्क र मृत्यु वास्तविकभन्दा कम भएको जनाउनुभएको छ ।

भाइरसको उत्परिवर्तन भएको छ कि छैन भन्ने लगायतका अतिरिक्त कारकहरूले प्रकोपको गम्भीरता र द्रुत वृद्धिमा योगदान पुर्‍याइरहेका छन् कि छैनन् भनेर निर्धारण गर्न अध्ययन सुरु गरिने उहाँले बताउनुभयो ।

कासेयाका अनुसार नियन्त्रण प्रतिक्रियामा मुख्य कमजोरी कोषको अभाव मात्र नभई प्रभावित समुदायहरूलाई पर्याप्त रूपमा परिचालन गर्न नसकिनु पनि रहेको छ । उहाँले पहिले केस पत्ता लाग्ने वित्तिकै परीक्षण र हेरचाहमा सजिलो पहुँच, अग्रपङ्क्तिका कामदारहरूलाई समयमै सहयोग र समुदाय नेतृत्वको प्रतिक्रियामा परिवर्तन गर्न आह्वान गर्नुभयो । “सामुदायिक स्वामित्व प्रतिक्रियाको केन्द्रविन्दुमा हुनुपर्छ”, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले बिहीबार सामाजिक सञ्जालमा डीआरसीको राजधानी किन्शासा भ्रमण गरेपछि भन्नुभयो ।

**खोप, उपचार रणनीतिहरू**

बुन्डिबुग्यो इबोलाभाइरसले गर्दा हुने यो रोगका लागि हालसम्म कुनै पनि इजाजतपत्र प्राप्त खोप वा स्वीकृत विशेष उपचार निर्धारण गर्न नसकिएको जनाउँदै कासेयाले अधिकारीहरूले इटुरी र उत्तरी किभुका जनसङ्ख्यामा जाइर इबोलाभाइरस प्रजाति विरुद्ध विकसित र इजाजतपत्र प्राप्त खोप एर्भेबोको प्रयोग विस्तार गर्ने निर्णय गरी औपचारिक अध्ययन जारी रहेको बताउनुभयो ।

डब्लुएचओ आर एन्ड डी ब्लुप्रिन्टका कार्यवाहक प्रमुख वासी मूर्तिले मङ्गलबार जेनेभामा पत्रकार सम्मेलनमा एजेन्सीले एर्भेबोले प्रस्ताव गरेको सम्भावित क्रस-सुरक्षामा नयाँ अध्ययन तथ्याङ्कको पनि समीक्षा गरिरहेको बताउनुभयो ।

बुन्डिबुग्यो भाइरसलाई लक्षित गरी निर्धारण गरिएको खोपहरूमा पनि प्रगति भएको रिपोर्ट गरिएको छ । अक्सफोर्ड विश्वविद्यालय र सेरम इन्स्टिच्युट अफ इन्डियाले विकास गरेको खोप जुलाई २४ मा बेलायतमा पहिलो चरणको क्लिनिकल परीक्षणमा प्रवेश गरेको थियो भने मोडर्नाले विकास गरेको दोस्रो खोप यस हप्ता क्यानाडामा पहिलो चरणको परीक्षण सुरु हुने अपेक्षा गरिएको छ ।

डब्लुएचओले खोप इबोला प्रतिक्रियाको एक उपाय मात्र भएको बताउँदै निगरानी, प्रयोगशाला परीक्षण, सङ्क्रमण रोकथाम र नियन्त्रण, सुरक्षित सामुदायिक संलग्नताको माध्यामबाट प्रकोप नियन्त्रण गर्न आवश्यक रहेको विषयमा जोड दिएको छ ।

# संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा पाकिस्तानमा भएको आतंकवादी आक्रमणको निन्दा

एएफपी । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले बिहीबार पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको उत्तरपश्चिमी स्वात जिल्लाको प्रहरी चौकीबाहिर भएको ‘जघन्य र कायरतापूर्ण’ आत्मघाती आक्रमणको कडा निन्दा गरेको छ ।

तेहरिक-ए-तालिबान पाकिस्तानले आक्रमणको दावीसहित जिम्मेवारी लिएको छ ।

परिषद्का सदस्यहरूले पीडित परिवार र पाकिस्तानको सरकार र जनताप्रति गहिरो सहानुभूति र समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र र पूर्ण स्वास्थ्यलाभको कामना गरेका छन् ।

उनीहरूले आतङ्कवादका यी निन्दनीय कार्यका अपराधी, आयोजक र प्रायोजकहरूलाई जवाफदेही बनाउन र उनीहरूलाई न्यायको कठघरामा ल्याउनुपर्ने आवश्यकतालाई जोड दिएका छन् । यस सन्दर्भमा पाकिस्तानी सरकार र अन्य सबै सम्बन्धित अधिकारीहरूसँग सक्रिय रूपमा सहयोग गर्न सबै राज्यहरूलाई आग्रह गरिएको छ ।

# थाइल्यान्डको स्कुलमा गोली हानाहान, चार जनाको मृत्यु, १५ घाइते

एएफपी । थाइल्यान्डको राजधानी बैङ्ककको उत्तरी क्षेत्रमा अवस्थित एक स्कुलमा शुक्रबार भएको गोली हानाहानमा कम्तीमा चार जनाको मृत्यु भएको पुष्टि गर्दै अन्य १५ जना विद्यार्थी घाइते भएको गृह उपमन्त्री पोलापी सुवुन्चवीले बताउनुभएको छ ।

नोन्थाबुरी प्रान्तको उक्त विद्यालयमा भएको आक्रमणमा दुई विद्यार्थी र दुई शिक्षकको मृत्यु भएको मन्त्री पोलापी सुवुन्चवीले स्थानीय प्रसारणकर्ता थाई पिबिएसलाई बताउनुयभो ।

अधिकारीहरूलाई उद्धृत गर्दै गरिएको स्थानीय मिडिया रिपोर्टका अनुसार बन्दुकधारीलाई किशोर अवस्थाका विद्यार्थीका रूपमा पहिचान गरिएको थियो भने उनको मृत्यु भएको पनि रिपोर्ट गरिएको थियो ।

केही रिपोर्टहरूले प्रहरी अधिकारीहरूले संदिग्धलाई गोली हानेर मारेको पनि बताएका छन् भने कतिपयले आत्महत्या गरेको पनि उल्लेख गरेका छन् ।



प्रधानमन्त्री अनुतिन चार्नविराकुलले बैङ्ककको सरकारी निवासमा आयोजित पत्रकार सम्मेलनमा यो निकै भयानक घटना भएको र यस्तो कहिल्यै हुन नहुने बताउनुभयो ।

पोलापीले संदिग्ध विद्यार्थीले हाते बन्दुक प्रयोग गरेर घटना घटाएको जनाउँदै विद्यार्थीले यो कसरी प्राप्त गरे भन्नेबारे गृह मन्त्रालयले अनुसन्धान गरिरहेको बताउनुभयो ।

स्थानीय मिडियाले प्रकाशित गरेको तस्बिरहरूमा संदिग्ध विद्यार्थीले बैजनी रङको स्कुलको ड्रेस लगाएको र कालो ब्याग बोकेको देखिन्छ, जसमा जमिनमा धेरै गोलीका आवरणहरू देखिन्छन् ।

घटनाको समयमा नोन्थाबुरीको देबसिरिन नोन्थाबुरी स्कुल नजिकैको ट्राफिक लगभग ठप्प भएको एएफपीले जनाएको छ भने स्थानीय मिडियाले घटनापछि आमाबाबुले आफ्ना बच्चाहरूलाई उठाउँदै गरेको रिपोर्ट गरेका छन् ।

थाइल्यान्डमा यस क्षेत्रमा बन्दुकको स्वामित्वको उच्चतम दरमा रहेको जनाइएको छ भने लगभग एक करोड बन्दुक प्रचलनमा रहेको अनुमान गरिएको छ ।

यसअघि थाई प्रहरीले गत फेब्रुअरीमा देशको दक्षिणमा रहेको एक स्कुलमा गोली चलाएर घटना गराएको किशोर सुटरलाई गोली हानेर पक्राउ गरेको थियो । उक्त आक्रमणमा विद्यालयका प्रिन्सिपलको मृत्यु भएको थियो भने दुई विद्यार्थी घाइते भएका थिए ।

किशोरले गोली हानाहानमा प्रहरी अफिसरको हतियार प्रयोग गरेको जनाइएको थियो ।

एक स्थानीय प्रहरी प्रमुखले संदिग्धलाई डिसेम्बरमा मानसिक उपचारका लागि अस्पतालमा भर्ना गरिएको र उपचारपछि डिस्चार्ज गरिएको बताएका छन् ।

किशोरले एक प्रहरी अधिकारीलाई छुरीले हानेर उनको हतियार ९-एमएम पिस्तोल घटनाभन्दा अघि चोरेर यसलाई आक्रमण गर्न प्रयोग गरेको अनुसन्धानबाट खुलेको थियो ।

सन् २०२२ मा बन्दुक र चक्कु लिएर देशको उत्तरमा रहेको नर्सरीमा प्रवेश गरेका एकजना पूर्व प्रहरी अधिकारीले २४ जना बालबालिका र १२ जना वयस्कको हत्या गरेका थिए ।

## पोडवे निर्माणसम्बन्धी औपचारिक सम्झौतापत्रमा हस्ताक्षर

काठमाण्डु । कोशी प्रदेश लगानी प्राधिकरण र काठमाण्डु पोडवे कम्पनी प्राइभेट लिमिटेडबीच पोडवे निर्माणसम्बन्धी औपचारिक सम्झौतापत्रमा आज हस्ताक्षर भएको छ ।

नेपालमा आधुनिक र प्रविधियुक्त सार्वजनिक यातायात पोडवे निर्माणसम्बन्धी सम्झौतापत्रमा कम्पनीका उपाध्यक्ष निल भट्टराई र प्राधिकरणका कार्यकारी प्रमुख सरोज कोइरालाले हस्ताक्षर गर्नुभयो ।

निजी क्षेत्रको लगानीमा निर्माण हुने उक्त परियोजनाअन्तर्गत पहिलो चरणमा रानी भन्सारदेखि विराटनगर बसपार्कसम्मको सात किलोमिटर दूरीमा नमूना पोडवे निर्माण गरिनेछ । दोस्रो चरणमा पर्यटकीयस्थल भेडेटारसम्म जोड्ने दीर्घकालीन लक्ष्य राखिएको छ ।

राष्ट्रिय यातायात नीति तथा सम्बन्धित कानुनी संरचनाभित्र रहेर निर्माण हुने उक्त परियोजना उच्च प्रविधिको एआई र अत्याधुनिक टेक्नोलोजीमा आधारित हुनेछ । सडकको सवारी चाप र प्रदूषणलाई शून्यमा झार्दै सुरक्षित, द्रुत र वातावरणमैत्री यात्रा गराउन त्यो प्रविधि र सेवा प्रभावकारी मानिने विज्ञहरूको भनाइ छ ।

नेपालमा निजी लगानीमा त्यति ठूलो र अत्याधुनिक सार्वजनिक यातायातको पूर्वाधार बन्नु आफैँमा ठूलो सम्भावना र हर्षको विषय भएको उपाध्यक्ष भट्टराईको भनाइ छ । उक्त सम्झौतासँगै नेपालले पनि विश्वस्तरीय आधुनिक यातायात प्रविधिलाई भित्र्याउँदै सार्वजनिक यातायातको सञ्जाल विस्तारमा एक नयाँ अध्यायको सुरुआत गरेको छ । रासस

### करदाता प्रोत्साहन उपहारः

# दश लाखको ‘बम्पर’ पुरस्कार घोषणा



काठमाण्डु । करदाता प्रोत्साहन उपहारअन्तर्गत विजेताहरु घोषणा गरिएको छ ।

आन्तरिक राजस्व विभागले सुरु गरेको उक्त कार्यक्रमअन्तर्गत पहिलो चरणमा आज अर्थमन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले १५ जना विजेता र एक जना बम्पर उपहार विजेता छनोट गर्नुभयो ।

विभागका अनुसार बम्पर उपहार कार्यक्रम अन्तर्गत रु १० लाख कुपन नम्बर ००७३१५२५४४९३ लाई परेको छ । यो कुपन भएका व्यक्ति शिवकृष्ण जनरल स्टोरबाट रु २५० को सामान खरिद गरी कार्यक्रममा सहभागी भएका थिए ।

करदाता प्रोत्साहन उपहार कार्यक्रमको शुभारम्भ गर्दै अर्थमन्त्री वाग्लेले करदाता प्रोत्साहन उपहार कार्यक्रमले बिल लिने-दिने संस्कृतिको विकास गर्दै औपचारिक अर्थतन्त्रलाई बढावा दिन मद्दत मिल्ने बताउनुभयो ।

उहाँले चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा गरिएको उक्त कार्यक्रमले सार्वजनिक वित्त प्रणालीलाई थप पारदर्शी बनाउनेमा विश्वास व्यक्त गर्नुभयो ।

“हामी बिलिङ कल्चरमा जानुपर्छ । सबै कारोबार अभिलेखमा आउनुपर्छ । नागरिकबाट कति कर उठ्यो र त्यो रकम कहाँ खर्च भयो भन्ने कुरा पारदर्शी रूपमा देखिने सार्वजनिक वित्त प्रणाली निर्माण गर्नु हाम्रो लक्ष्य हो”, उहाँले भन्नुभयो ।

डिजिटल भुक्तानीमार्फत भएका कारोबार स्वतः प्रणालीमा अभिलेख हुने व्यवस्था गरिएको छ । पहिलो चरणमै करिब रु दुई करोड ५६ लाख कारोबार र ७६ अर्ब भन्दा बढी रकमका प्रणालीमा समावेश भइसकेको उल्लेख गर्दै उनले आगामी दिनमा मासिक कारोबार खर्बौं पुग्ने विश्वास अर्थमन्त्रीले व्यक्त गर्नुभयो ।

“कार्यक्रमले धेरै करदातालाई डिजिटल माध्यम प्रयोग गर्न, बिल लिन-दिन र करको दायरामा आउन प्रोत्साहित गर्छ”, उहाँले भन्नुभयो, “राजस्व चुहावट नियन्त्रण गर्दै औपचारिक अर्थतन्त्र विस्तार गर्न यो कार्यक्रम प्रभावकारी हुनेछ ।”

सरकारले बिल बिजक (भ्याट बिल) लिने-दिने संस्कृतिलाई प्रवर्द्धन गर्दै आर्थिक कारोबारलाई पारदर्शी बनाउने उद्देश्यले ‘करदाता प्रोत्साहन उपहार कार्यक्रम’ सुरु गरेको हो ।

त्यस अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक भीष्मकुमार भुसालले चालु आर्थिक वर्षको साउन १ देखि १५ गतेसम्म दैनिक तथा पहिलो पाक्षिकको बम्पर उपहारका विजेता कम्प्युटर प्रणालीमार्फत छनोट गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार विजेता छनोटका लागि ‘क्रिप्टोग्राफिकली सेक्योर युनिफर्म ऱ्यान्डम स्याम्पलिङ विथआउट रिप्लेसमेन्ट’ विधि प्रयोग गरिएको छ । यस विधिबाट सबै कुपनले समान अवसर पाउने, एउटै कुपन एउटै छनोटमा दोहोरिन नसक्ने तथा छनोट प्रक्रिया पूर्ण रूपमा निष्पक्ष र सुरक्षित हुने उहाँको भनाइ छ । यही साउन १ देखि १५ गतेसम्म ७ हजार ७७ वटा नगद कारोबारबाट करिब ८ करोड २४ लाख रुपैयाँ बराबरको वस्तु तथा सेवा खरिदको विवरण विभागको वेबसाइटमा प्रविष्ट गरिएको छ ।

विवरणअनुसार तीन हजार ९१५ विक्रेतासँग भएका कारोबार समावेश छन्भने विद्युतीय भुक्तानीमार्फत दुई करोड ५६ लाख ८ हजार ९४ वटा कारोबार भएका छन् । कुल कारोबार रकम रु ७६ अर्ब ६० करोड तीन लाख २३ हजार ३८१ भएको छ । डिजिटल माध्यमबाट भएका कारोबार स्वतः उपहार कार्यक्रममा समावेश हुने व्यवस्था छ । रासस

### करदाता प्रोत्साहन कार्यक्रम :

## कुन कुपन नम्बरले जित्यो पहिलो पाक्षिक बम्पर उपहार ?

काठमाण्डु । पहिलो चरणका करदाता प्रोत्साहन कार्यक्रममा शुक्रबार घोषणा गरिएको छ । आन्तरिक राजस्व विभागले पहिलो चरणमा साउन १ गतेदेखि १५ गतेसम्मका १५ जना विजेता र पाक्षिक रुपमा एक जना बम्पर उपहार विजेता घोषणा गरेको हो ।

पाक्षिक बम्पर उपहार विजेताले शिवकृष्ण जनरल स्टोरबाट रु २५० को सामान खरिद गरेका थिए । कुपन नम्बर ००७३१५२५४४९३ भएका उहाँले रु १० लाख जित्नुभएको छ ।

साथै साउन १ गतेका विजेताले लिटल फ्लावर इङ्लिस बोर्डिङ स्कुलमा रु ३० हजार भुक्तानी गर्नुभएको थियो । उहाँको कुपन नम्बर ००७७५५५८०६७० रहेको छ । साउन २ गतेका विजेताले आर बी इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स सेन्टरमा रु २७० भुक्तानी गरेका थिए । उहाँको कुपन नम्बर ००२९२८८१७८११ रहेको छ ।

साउन ३ गतेका विजेताले टर्मिनल वान हिमालयन मार्ट प्रालिमा रु ५६० खर्च गर्नुभएको थिए । उहाँको कुपन नम्बर ०३०६६७७९५८९ रहेको छ । साउन ४ गतेका विजेताले विजनेस इन्टरटेनमेन्ट प्रालिमा रु २४० खर्च गरेका थिए । उनको कुपन नम्बर ०१५६११०५९०७५ छ ।

साउन ५ गतेका विजेताले भेटघाट रेष्टुरेन्टमा रु ३०० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ००९९१७८३३२४५ छ ।

साउन ६ गतेका विजेताले श्री पाथीभरा देवी ट्रेडर्समा रु २३० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ००८७८२४८६३३५ छ । साउन ७ गतेका विजेताले हाम्रो सहारा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभमा रु तीन हजार खर्च गरेका थिए । उहाँको कुपन नम्बर ०१२२५८०८६५९९ छ । साउन ८ गतेका विजेता उपभोक्ताले शुभ सिद्धि सप्लायर्समा रु ९०० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ००४७८० ९४०८८४ छ ।

त्यसैगरी, साउन ९ गतेका विजेताले होटल एम्ब्रोसिया प्रालिमा रु ७३० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ०१३०३५२३०२९७ छ । साउन १० गतेका विजेताले मुस्कान मोबाइलमा रु चार हजार ७०० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ०१४९७३९३०७३३ छ । साउन ११ गतेका विजेताले टोखा डेरीमा रु २२५ खर्च गरेका थिए । उहाँको कुपन नम्बर ०१०८३७१८०३३२ रहेको छ ।

विभागका अनुसार साउन १२ गतेका विजेताले मेगा मार्ट प्रालिमा रु १६० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ००१८०८९६५९८६ छ । साउन १३ गतेका विजेताले मदन स्टोरमा रु ५८० खर्च गरेका थिए । उनको कुपन नम्बर ००६८४१५५३५३७ छ ।

साउन १४ गतेका विजेताले एलिप्स ईकम प्रालिमा रु ५०० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ००५५८८५०६०८५ छ भने साउन १५ गतेका विजेताले पिपुल कलेक्सनमा रु ५०० खर्च गरेका थिए । उहाँको कुपन नम्बर ०११३८०९१४५८० छ ।

साउन १ गतेदेखि १५ गतेसम्मका दैनिक विजेताहरुले जनही रु एक लाख ३३ हजार ३३४ प्राप्त गर्नेछन् । रासस

# मोबाइल सेवाको गुणस्तर सुधार र सेवा विस्तारमा ध्यान दिन दूरसञ्चार प्राधिकरणको निर्देशन




काठमाण्डु । नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेवाको गुणस्तर सुधार, उपभोक्ता हित संरक्षण तथा दूरसञ्चार सेवाको पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै मोबाइल सेवा प्रदायक कम्पनीलाई विभिन्न निर्देशन जारी गरेको छ ।

प्राधिकरणले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार दूरसञ्चार ऐन, २०५३ को दफा १५ बमोजिम मोबाइल सेवा प्रदायकहरूलाई सेवा सुधार तथा नियामकीय अनुपालनका लागि आठ बुँदे निर्देशन दिइएको हो ।

प्राधिकरणले मोबाइल सेवाको गुणस्तर (क्वालिटी अफ सर्भिस-क्युओएस), रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको प्रभावकारी उपयोग, अनुमतिपत्रका शर्तहरूको पालना तथा उपभोक्ता हित संरक्षणलाई थप प्रभावकारी बनाउन यी निर्देशन जारी गरिएको जनाएको छ । पछिल्लो समय मोबाइल तथा इन्टरनेट सेवाको गुणस्तर, नेटवर्क अवरोध, ग्राहक गुनासो व्यवस्थापन र ग्रामीण क्षेत्रसम्म सेवा विस्तारका विषयमा उपभोक्ताबाट गुनासो बढिरहेका बेला प्राधिकरणको यो निर्णय आएको हो ।

प्राधिकरणले सेवा प्रदायकलाई नेटवर्कको विश्वसनीयता, सेवाको गुणस्तर र ग्राहक अनुभव सुधार गर्न निर्देशन दिएको छ । यसका लागि प्राधिकरणले निर्धारण गरेका प्रमुख कार्यसम्पादन सूचक (केपीआई) पूरा भए-नभएकोसम्बन्धी प्रतिवेदन नियमित रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । सेवा प्रदायकले आफ्नो नेटवर्कको अवस्था, सेवा अवरोध, डेटा गति तथा ग्राहक सन्तुष्टिको अवस्थाबारे नियमित जानकारी नियामक निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

उपभोक्ता सेवा सुधारलाई विशेष प्राथमिकता दिँदै प्राधिकरणले ग्राहक सहायता प्रणालीलाई प्रविधिमैत्री बनाउन आग्रह गरेको छ । सेवा प्रदायकले उपभोक्ता बडापत्रको प्रभावकारी कार्यान्वयन गुपर्ने, २४सै घण्टा गुनासो सुनुवाइका लागि नवीनतम प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको प्रयोग गर्नुपर्ने र गुनासो समाधान प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने निर्देशन दिइएको छ ।

साथै ग्राहक सन्तुष्टि सर्वेक्षण नियमित सञ्चालन गरी प्राप्त सुझावका आधारमा सुधारात्मक कार्य गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मोबाइल सेवा नपुगेका वा गुणस्तरीय सेवा उपलब्ध नभएका क्षेत्रको पहिचान गरी प्राथमिकताका आधारमा नेटवर्क विस्तार गर्न पनि प्राधिकरणले निर्देशन दिएको छ ।

विशेषगरी औद्योगिक क्षेत्र, व्यापारिक केन्द्र तथा मुख्य सहरी क्षेत्रमा उच्च गतिको मोबाइल ब्रोडब्यान्ड सेवा विस्तार गर्नुपर्ने उल्लेख गरिएको छ । साथै सेवा प्रदायकले दूरसञ्चार सेवा पुगेका स्थानको विवरण नेपालको नक्सामा समावेश गरी कम्तीमा प्रत्येक तीन महिनामा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्राधिकरणले देशभर चौथो पुस्ताको मोबाइल सेवा (फोर-जी) विस्तार र यसको गुणस्तर अभिवृद्धिलाई प्राथमिकता दिएको छ । साथै प्रमुख सहरहरूबाट पाँचौं पुस्ताको मोबाइल सेवा (फाइपजी) सुरु गर्न चरणबद्ध योजना तयार गरी प्राधिकरणमा पेस गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिइएको छ । यसले आगामी दिनमा नेपालमा उच्च गतिको मोबाइल इन्टरनेट सेवाको विस्तार र नयाँ प्रविधिको प्रयोगलाई गति दिने अपेक्षा गरिएको छ ।

रेडियो फ्रिक्वेन्सी जस्तो सीमित राष्ट्रिय स्रोतको अधिकतम उपयोग गर्न पनि प्राधिकरणले जोड दिएको छ । सेवा प्रदायकले वितरण गरिएको फ्रिक्वेन्सीको प्रभावकारी उपयोग गर्नुपर्ने तथा दूरसञ्चार पूर्वाधारको साझा प्रयोगमार्फत दोहोरो लगानी घटाई राष्ट्रिय स्रोतको सदुपयोग गर्नुपर्ने निर्देशन दिइएको छ । यसबाट पूर्वाधार निर्माणमा लागत कम हुने र सेवाको पहुँच विस्तार गर्न सहज हुने विश्वास गरिएको छ ।

प्राधिकरणबाट अनुदान प्राप्त गरी सञ्चालन भएका परियोजनाका लागि स्पष्ट कार्यतालिका, प्रगतिका सूचक र समयसीमा निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न पनि भनिएको छ । त्यस्ता परियोजनाको नियमित प्रगति प्रतिवेदन प्राधिकरणमा बुझाउनुपर्नेछ ।

बढ्दो साइबर जोखिमलाई ध्यानमा राख्दै प्राधिकरणले साइबर सुरक्षा, नेटवर्क सुरक्षा तथा व्यवसाय निरन्तरतासम्बन्धी योजना तयार गर्न निर्देशन दिएको छ । सेवा प्रदायकले नियमित सुरक्षा परीक्षण, विपद् व्यवस्थापन योजना (डिजास्टर रिकभरी) तथा व्यवसाय निरन्तरता योजना तयार गरी लागू गर्नुपर्ने र त्यससम्बन्धी विवरण प्राधिकरणमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै, दूरसञ्चार सेवाको शुल्क निर्धारणलाई वैज्ञानिक, पारदर्शी र बजारमुखी बनाउन लागतमा आधारित शुल्क विश्लेषण गर्नुपर्ने व्यवस्था गरिएको छ । बजारको माग, प्रविधिगत विकास तथा उपभोक्ताको आवश्यकताअनुसार सेवाका शुल्कहरूको नियमित समीक्षा गरी आवश्यक प्रस्ताव प्राधिकरणमा पेस गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिइएको छ ।

प्राधिकरणका अनुसार यी निर्देशनको कार्यान्वयनबाट मोबाइल सेवाको गुणस्तर सुधार, सेवा विस्तार, उपभोक्ता अधिकार संरक्षण तथा नयाँ प्रविधिको प्रयोगमा उल्लेखनीय प्रगति हुने अपेक्षा गरिएको छ । साथै दूरसञ्चार क्षेत्रलाई थप प्रतिस्पर्धी, उत्तरदायी र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ नियामकीय व्यवस्थालाई थप प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ । रासस

## कञ्चनपुरमा मल अभाव किन भन्ने प्रश्न यथावत



महेन्द्रनगर । अघिल्ला वर्षका तुलनामा ४०० मेट्रिकटन रासायनिक मल उपलब्ध गराइए पनि व्यवस्थापन र वितरण कार्य विधिलाई बेवास्ता गरिएका कारण जिल्लामा मलको अभाव देखिएको गुनासो गरिएको छ ।

कृषि सामाग्री कम्पनी लिमिटेड शाखा कार्यालय कञ्चनपुरका प्रबन्धक हेमराज जोशीले यसवर्ष सात हजार ५०० मेट्रिकटनभन्दा बढी अनुदानको मल बिक्री वितरण हुँदा पनि अभाव देखिनुलाई आफूले आश्चर्य मानेको प्रतिक्रिया दिनुभयो ।

नौ वटा पालिका रहेको कञ्चनपुरमा गत वर्ष छ वटा पालिकामा सात हजार १०० मेट्रिकटन अनुदानको मल सहकारीमार्फत बिक्री वितरण हुँदा त्यस बेला मल अभावको स्वर नसुनिएको उहाँले स्पष्ट पार्नुभयो ।

स्थानीय बेलौरी, पुर्नवास नगरपालिका र लालझाडी गाउँपालिकाका किसानले अनुदानको मल धनगढीस्थित कृषि सामग्री कम्पनी लिमिटेडबाट लैजाने गरेका छन् ।

शाखा प्रबन्धक जोशीले भन्नुभयो, “मल वितरणको विषय अनुसन्धान गर्नुपर्ने देखियो । पालिकाबाट अनुगमन आवश्यक छ । प्रशासन र हामीले मात्रै मल वितरणको नियमन गरेर पुगेन ।” कञ्चनपुरका छ वटा पालिकाकालाई ११० सहकारीमार्फत मल वितरण भइरहेको जानकारी दिँदै उहाँले भन्नुभयो, “सहकारीले पालिकाले तोकेको मूल्यभन्दा बढी रकम असुलेर मल वितरण गर्न पाइँदैन, सहकारीलाई युरिया प्रतिबोरा रु ९४४ मा उपलब्ध गराइएको छ ।”

उक्त कार्यालयका अनुसार यसवर्ष गत वर्षभन्दा ५०० मेट्रिकटन युरिया मल बढी बिक्री भइसकेको छ । गत वर्ष पुर्नवास, लालझाडी र बेलौरीका किसानलाई महेन्द्रनगर शाखाबाटै मल वितरण गरिदा पनि सात हजार मेट्रिकटन वितरणले पुग्ने गरेको वितरण संस्थाले जनाएका छन् ।

प्रबन्धक जोशीले भन्नुभयो, “यसपटक तीन वटा पालिकालाई घटाएर सात हजार ५०० मेट्रिकटन मल वितरण हुँदा अभाव देखिनुले वितरणमा अनियमितताले शङ्का पैदा गरेको छ ।”रासस

## कर्णाली प्रदेशमा यो वर्ष विद्युत् प्रणाली विस्तार गरिन्छः मन्त्री श्रेष्ठ

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सामाजिक न्यायका आधारमा यस वर्ष कर्णालीमा विद्युत् प्रणाली विस्तार गरिने बताउनुभएको छ ।

प्रतिनिधिसभा, पूर्वाधार विकास समितिको आजको बैठकमा उहाँले विद्युतीकरणमा कर्णाली प्रदेश पछाडि परेकाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट काम गर्न लागिएको जानकारी दिनुभयो ।

डोल्पाको जगदुल्लामा माइक्रो हाइड्रोलगायतका आयोजनाले कर्णालीलाई न्याय गरेको बताउँदै मन्त्री श्रेष्ठले कर्णालीमा त्यस्ता आयोजना बढाउने गरी चालु आर्थिक वर्षमा काम गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

ऊर्जा क्षेत्रमा आठ वर्षअघि नै सम्पन्न हुनुपर्ने राष्ट्रिय गौरवका आयोजना अलपत्र भई समस्या भएको उल्लेख गर्दै उहाँले चालु आवको सुरुमै ठेक्का भएकाले आयोजनाको गतिमा अर्को वर्षदेखि सुधार हुने विश्वास दिलाउनुभयो ।

मन्त्री श्रेष्ठले पहिलेको खरिद ढिला भएकाले अहिले ट्रान्सफर्मर अभाव रहेको उल्लेख गर्दै उहाँले नियामक निकायलाई जि म्मेवार बनाएर यस्ता समस्या समाधान गर्न लागिएको बताउनुभयो । रासस

# केन्द्रीय बैंक ६० अर्बको एकमहिने निक्षेप संकलन गर्दै

काठमाण्डु । नेपाल राष्ट्र बैंकले रु ६० अर्ब बराबरको एकमहिने निक्षेप सङ्कलन उपकरण बोलकबोलमार्फत निष्कासन गर्ने भएको छ ।

बैंकको मौद्रिक व्यवस्थापन विभागले आगामी ३१ दिनका लागि निक्षेप सङ्कलन उपकरणको बोलकबोल गर्न लागेको हो ।

केन्द्रीय बैंकले आज प्रकाशित गरेको सूचनाअनुसार बोलकबोलमा सहभागी हुन चाहने बैंक तथा वित्तीय संस्थाले आज अपराह्न ३:०० बजेसम्म नेपाल राष्ट्र बैंकको अनलाइन बिडिङ सिस्टम (ओबीएसएस) मार्फत मात्र बोलकबोल गर्नुपर्नेछ ।

बोलकबोलबाट निर्धारण हुने ब्याजदरमा निक्षेप सङ्कलन गरिनेछ भने साँवा तथा ब्याज भुक्तानी आगामी भदौ २२ गते हुनेछ ।

बोलकबोलमा न्यूनतम रु १० करोड देखि अधिकतम रु १० करोडले भाग जाने गरी कुल आह्वान रकमसम्म बोल गर्न सकिने छ ।

निक्षेप सङ्कलनका लागि आह्वान गरिएको रकम बाँडफाँट गर्दा बोलमा उल्लेख गरिएको सबैभन्दा कम ब्याजदरलाई पहिलो प्राथमिकतामा राखी आह्वान गरिएको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ । समान ब्याजदर उल्लेख भएका बोलबाट कुल निष्काशित रकमभन्दा बढी रकमको माग भएमा प्रो-राटा आधारमा बाँडफाँट गरिनेछ ।



नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त ‘क’, ‘ख’ र ‘ग’ वर्गका बैंक तथा वित्तीय संस्था मात्र उक्त बोलकबोलमा सहभागी हुन पाउनेछन् । बोलकबोलमा निक्षेपकर्ताले जम्मा गर्न चाहेको रकम र ब्याजदर उल्लेख गर्नुपर्नेछ । स्वीकृत बोलपत्रबापतको रकम सम्बन्धित काउन्टरपार्टीको नेपाल राष्ट्र बैंकमा रहेको खाताबाट खर्च गरी लिइने र सङ्कलित निक्षेपका लागि छुट्टै खाता खोली जम्मा गरिने केन्द्रीय बैंकले जनाएको छ ।

निक्षेप सङ्कलन उपकरणको भुक्तानी मितिमा निर्धारित ब्याजसहित सङ्कलित निक्षेप रकम सम्बन्धित बैंकको नेपाल राष्ट्र बैंकस्थित खातामा जम्मा गरिनेछ। उक्त निक्षेप रकमलाई सम्बन्धित बोलवालाको लगानी पोर्टफोलियोमा गणना गर्न पाइने छैन । यद्यपि नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार कायम गर्नुपर्ने एसएलआर तथा तरलता अनुपातमा गणना गर्न सकिनेछ ।

सङ्कलित निक्षेप रकम भुक्तानी मितिअघि सम्बन्धित बोलवालालाई फिर्ता भुक्तानी वा प्रि-म्याच्योर भुक्तानी गर्न पाइने छैन । रासस

# प्रदेशका २४ वटा विद्यालयलाई नमूना बनाइने

टुडे समाचारदाता




जनकपुरधाम । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यसहित प्रदेशका २४ वटा विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गर्ने अभियान मधेश प्रदेश सरकारले सुरु गरेको छ।

प्रत्येक जिल्लाबाट तीन-तीन वटा विद्यालय छनोट गरी पूर्वाधार, जनशक्ति र शैक्षिक व्यवस्थापनमा चालु आर्थिक वर्षदेखि बहुवर्षीय योजना अन्तर्गत लगानी गरिने भएको हो।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले प्रदेश सरकारले यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ३२ करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिए । उनका अनुसार प्रत्येक विद्यालयका लागि करिब डेढ करोड रुपैयाँका दरले बजेट व्यवस्था गरिएको छ।

मन्त्री सिंहले नमूना विद्यालय निर्माणको कार्य प्रभावकारी रूपमा अघि बढाउन २४ वटै विद्यालयका प्रधानाध्यापकलाई मन्त्रालयमा बोलाएर आवश्यक निर्देशन दिइसकिएको बताए।

उनले विद्यालयको भौतिक पूर्वाधार र आवश्यक जनशक्ति व्यवस्थापनमा प्रदेश सरकार सहयोग गर्न तयार रहेको उल्लेख गर्दै पठनपाठनको गुणस्तर सुधार गर्ने मुख्य जिम्मेवारी विद्यालय प्रशासनको हुने स्पष्ट पारे।

उनले शिक्षक तथा विद्यालय व्यवस्थापनलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधार, अनुशासन कायम र शैक्षिक वातावरण सुदृढ बनाउन विशेष ध्यान दिन आग्रह गरे । मन्त्री सिंहका अनुसार मधेश प्रदेशमा हाल तीन हजार ४८४ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन्।

प्रदेश सरकारले आगामी वर्षहरूमा क्रमिक रूपमा सबै सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि आवश्यक कार्यक्रम विस्तार गर्दै लैजाने योजना बनाएको उनले बताए । उनले मधेश प्रदेशको शिक्षा क्षेत्रमा अझै व्यापक सुधार आवश्यक रहेको स्वीकार गर्दै प्रदेश सरकारले त्यसतर्फ प्राथमिकताका साथ काम गरिरहेको बताए।

साथै, प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने तयारी पनि तीव्र रूपमा अघि बढिरहेको जानकारी दिए। उनका अनुसार आवश्यक मापदण्ड पूरा गरेका स्थानीय तहलाई क्रमशः साक्षर पालिका घोषणा गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

त्यसपछि मधेश प्रदेशलाई नै साक्षर प्रदेश घोषणा गर्ने लक्ष्यका साथ काम भइरहेको उनले बताए । शिक्षाको गुणस्तर सुधारलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन सामुदायिक विद्यालयहरूको नियमित अनुगमन र मूल्याङ्कनलाई समेत थप सशक्त बनाइने मन्त्री सिंहले जानकारी दिए।

# अन्य भूगोलमा रामायण, मिथिलामा सीतायण


ब्लग :



श्यामसुन्दर शशि

आदिकवि महर्षि वाल्मीकि, मिथिला नरेश शीरध्वज जनक र अयोध्या नरेश दशरथ समकालीन थिए। समकालीन भएकै कारण उनले आफ्ना अमरकृति वाल्मीकि रामायणमा मिथिला गणराज्यका संस्थापक निमीदेखि २३ औं पुस्ताका नरेश अर्थात् सीरध्वज जनकसम्मका नाम मात्र उल्लेख गर्न भ्याउनु भयो । त्यसपछिका मिथिला नरेशहरुका नाम विष्णु पुराणलगायतका ग्रन्थहरुमा पाइन्छ । विभिन्न ग्रन्थहरुमा आएको वर्णन अनुसार, निमिवंशीका ५६ पुस्ता मिथिलामा राज्य गरेका थिए। अन्तिम राजा थिए- कराल जनक। एक युवतीसंग दुर्व्यवहार गरेका कारण मिथिलावासी उनलाई सत्ताच्यूत गरेको संकेत कौटिल्यको अर्थशास्त्रमा पाइन्छ । नागरिकमा राजापर्यन्तलाई सत्ताच्यूत गर्ने अधिकार हुनु भनेको सच्चा जनतन्त्र हो। यस अर्थमा मिथिला दुनियाकै पहिलो जनतन्त्र थियो, भन्दा अच्युक्ति न होला।

वाल्मीकि रामको चरित्रलाई आधार बनाइ संस्कृत भाषा वाल्मीकी रामायण लेख्नु भएको थियो । जसलाई पहिलो रामायण मानिन्छ। वाल्मीकिद्वारा विरचित यस आख्यान पछि, अध्यात्म रामायण, अद्भूत रामायण, तमिल भाषामा कंबन रामायण, अवधीमा तुलसीदास विरचित रामचरित मानस, बांग्लामा कृत्तिवास ओझा लिखित कृतिवास रामायण, मराठीमा सन्त एकनाथ विरचित भावार्थ रामायण, मैथिलीमा कविश्वर चन्दा झा लिखित मिथिला भाषा रामायण तथा महाकवि लालदास लिखित रमेश्वर चरित मिथिला रामायणसंगै, जनकपुरधामका रसिक सम्प्रदायका सुप्रसिद्ध महाकवि रसिक अलिद्वारालिखित अमर रामायण आदि ग्रन्थहरु राम चरित्रलाई प्राथमिकतामा राखी, लेखिएका धार्मिक ग्रन्थहरु हुन् । जसको प्रचार प्रसार र चर्चा अधिक छ। यसका अतिरिक्त मलयालम, तेलगु, थाईलैण्ड, इंडोनेशिया, आदि भूगोलमा त्यहाँका भाषा तथा अ-आफ्नै शैली, परिवेश तथा कला संस्कृतिसंग मिल्ने रामायणका अनेकौं संस्करण प्रकाशित छन् । एक अनुमान अनुसार, संस्कृतमा महर्षि वाल्मीकिद्वारा रचित वाल्मीकि रामायणको ३ सय भन्दा बढि संस्करण तथा अनुवाद नेपाल, भारतलगायतका देशहरुबाट प्रकाशित छन्।




तर, हामीले जनकपुरधाममा, जनकपुरधामका कवि महाकविहरुले विभिन्न कालखण्डमा जनकपुर, मिथिला संस्कृति तथा रितिरिवाजसंगै सीताको चरित्रलाई प्रधानता दिइ लेखिएका सीतायण (सीताको चरित्र प्रधान महाकाव्यहरु) को विषयमा हामी अनभिज्ञ जस्तै छौं। यस्ता महाकविहरुमा रामप्रिया सरणद्वारालिखित सीतायण, जानकी मन्दिरका पुजारी राम सिनेही दासद्वारा लिखित जानकी चरितामृत तथा सन् १९७१ मा महाकवि रमाकान्त झाद्वारा लिखित व्यथा महाकाव्य अनमोल कृतिहरु छन् । वास्तविकता के पनि हो भने जनकपुरको माटोमा जनकपुरधामका महाकविहरुले लेखेका ती महाकाव्यहरु भाषा, शैली तथा भावको दृष्टिले बेजोड छन्। मिथिलाको रिति रिवाज, वैवाहिक पद्यति, खानपान, पर्व त्यौहारसंगै सीता चरित्र बुझ्न यी ग्रन्थहरु पढ्नै पर्ने हुन्छ।

मिथिलाञ्चलमा एउटा गजबको भाष्य छ। त्यो के भने यहाँ सीता जन्म, सीता बाललीला, रामजानकीको प्रथम मिलन, धनुषयज्ञ, रामजानकी विवाह तथा कोबरसम्मको कथामात्र वर्णन गरिन्छ । कारण मिथिलावासी सीतालाई आफ्नो दिदी, बहिनी, फुवा जस्तै माया, स्नेह र सत्कार गर्छन् । अतः विवाह पछि अयोध्या गएकी सीता वनवास गएकी, गर्भवती अवस्थामा पुनः वनवासजानु परेकी जस्ता दुखान्त कथा मिथिलावासी सुन्न र सुनाउँन चाहदैनन् । यहाँ रामसीतासंग सम्बन्धित सुखान्त कथाहरुमात्र भन्ने र सुन्ने परम्परा छ।

राम सनेही दास (करिब सन् १९५०) जानकी मन्दिरका पुजारी थिए । उनले संस्कृत भाषामा 'जानकी चरितामृत' लेखेका थिए । जसको हिन्दी टिका हालै प्रा.डा.हरिवंश झाले प्रकाशित गर्नु भएको छ। यस ग्रन्थमा जनकपुर वर्णन, सीता जन्म, बालक्रिडा, राम-जानकी मिलन, धनुषयज्ञ, राम-सीता विवाह आदि प्रसंगहरुलाई नयाँ भाष्य दिइएको छ । अहिलेसम्म हामीले पढ्दै र सुन्दै आएका थियौं- मिथिलामा १२ वर्षको अनिकाल पर्दा राजा जनक जनहितका लागि हलेष्ठी यज्ञ गरेका थिए। हलो जोत्नेक्रममा सीता प्रकट भएकी थिइन्। तर जानकी चरितामृतले राजा जनक पुत्रीको रुपमा सीतालाई प्राप्त गर्न 'पुत्रिष्ठी यज्ञ' गरेको उल्लेख छ। अयोध्या नरेश दशरथ राम, लक्ष्मणसहितका छोराहरुको ५ औं जन्मोत्सव (आनन्दोत्सव) मा जनकलाई पनि निम्तो पठाइएको थियो। जनक रामको रुप, रंग तथा चमत्कारिक व्यक्तित्व देखेर मोहित भएका थिए । जनकमा, रामलाई ज्वाईको रुपमा प्राप्त गर्ने इक्षा जागृत भयो अनि उनि पुत्री प्राप्तिका लागि पुत्रेष्ठि यज्ञ गरेका थिए। जानकी चरितामृतमा वर्णन भए अनुसार, सीताको जन्म हलोको सीतबाट नभइ यज्ञको हवनबाट भएको थियो।

जानकी चरितामृतमा सीताको १०८ नाम तथा सीताको अन्य १२ नामको सूचि पनि उल्लेख गरिएको छ। पुस्तकको भाषा संस्कृत भए पनि सारगर्भित, सुवोध र लालित्यपूर्ण छ। सरस्वतीले सीताको बाल स्वरुपको वर्णन गर्ने क्रममा महाकवि राम सिनेही दासले गर्नु भएको वर्णन गजबको छ।

*'जनको मधुरो जननी मधुरा मधुरा अनुजा*
*अनुगा मधुराः ।*
*सुकुलं मधुरं नगरं मधुरं*
*मिथिलेशसुतासकलं मधुरम् ॥*

अर्थात् सीताका पिता जनक श्रेष्ठ छन् । आमा सौभाग्यमा सबै आमाहरुमा श्रेष्ठ छन् । सीताकी बहिनीहरु श्रेष्ठ छन् । सीता जन्मभूमि जनकपुरश्रेष्ठ छन् । समग्रमा सीता जुन स्थानमा, जुन परिवारमा, जुन कुलमा जन्म लिएकी छन्, ती सबै श्रेष्ठ छन्।

# मुख्यमन्त्री कार्यालय परिसरबाटै अब दुध बिक्री

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा दुग्ध विकास संस्थान (डीडीसी)ले आफ्ना दुग्धजन्य उत्पादन बिक्रीवितरण गर्ने स्टल सञ्चालनमा ल्याउने तयारी गरेको छ।




डीडीसीको दुग्ध विकास आयोजना ढल्केबर शाखाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग आवश्यक छलफल गरिसकेको र अबको एक सातादेखि १० दिनभित्र स्टल सञ्चालनमा ल्याउने तयारी गरेको हो।

आयोजना ढल्केबरका प्रमुख दिनेश जोशीका अनुसार मुख्यमन्त्री कार्यालय परिसरमा विभिन्न मन्त्रालय तथा सरकारी निकाय रहेकाले दैनिक ठूलो संख्यामा कर्मचारी, सेवाग्राही तथा सर्वसाधारणको आवतजावत हुने गर्छ। त्यसलाई मध्यनजर गर्दै स्वदेशी दुग्धजन्य उत्पादनको प्रवर्द्धन तथा सहज बिक्रीवितरणका लागि स्टल राख्न लागिएको हो।

'यहाँ कर्मचारी र सेवाग्राहीसहित दैनिक एक हजारभन्दा बढी मानिसको आवतजावत हुन्छ । स्वदेशी उत्पादनको प्रवर्द्धनसँगै गुणस्तरीय र स्वस्थ्यकर दुग्धजन्य सामग्री सहज रूपमा उपलब्ध गराउने उद्देश्यले स्टल राख्न लागेका हौं,' जोशीले भने, 'मुख्यमन्त्री कार्यालयसँग छलफल भइसकेको छ। अबको एक हप्ता वा बढीमा १० दिनभित्र स्टल सञ्चालनमा ल्याउँछौं।'

डीडीसीले हाल दही, रसभरी, बटर, पनिर, घ्यु, मोही तथा विभिन्न स्वादका आइसक्रिमलगायतका दुग्धजन्य सामग्री उत्पादन गर्दै आएको छ। मुख्यमन्त्री कार्यालय परिसरमा सञ्चालन हुने स्टलबाट संस्थानका यिनै उत्पादन बिक्रीवितरण गरिने जनाइएको छ।

यसअघि प्रधानमन्त्री वालेन्द्र शाहले स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने सन्देशसहित डीडीसीको 'चिज' सेवन गरिरहेको तस्बिर सार्वजनिक भएपछि संस्थानका उत्पादनप्रति उपभोक्ताको चासो बढेको थियो । त्यसयता डीडीसीका विभिन्न उत्पादनको बिक्रीसमेत उल्लेख्य रूपमा बढेको आयोजनाको दाबी छ।

जनकपुर चुरोट कारखाना परिसरमा हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित अर्थ, स्वास्थ्य, शिक्षा तथा संस्कृति, भौतिक पूर्वाधार विकास तथा गृह, सञ्चार तथा कानुन मन्त्रालयका कार्यालय सञ्चालनमा छन्।

सरकारी कार्यालयको ठूलो उपस्थिति रहेको उक्त क्षेत्रमा डीडीसीको बिक्री स्टल सञ्चालनले स्वदेशी उत्पादनको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास गरिएको छ । मधेश प्रदेश दूध विकास बोर्डका उपाध्यक्ष डा. शम्भु साहले सरकारी स्वामित्वको डीडीसीले उत्पादन गरेका दुग्धजन्य सामग्री गुणस्तरीय र स्वस्थ्यकर भएकाले कार्यालय परिसरमा स्टल सञ्चालन गर्नु उपयुक्त हुने बताए।

यसैबीच, डीडीसीको ढल्केबर शाखाले सहकारी तथा व्यावसायिक फार्मबाट दैनिक औसत २ हजार २ सयदेखि २ हजार ५ सय लिटरसम्म दूध संकलन गर्दै आएको छ । संकलित दूधलाई प्रशोधन गरी विभिन्न दुग्धजन्य उत्पादन तयार पारेर बजारमा बिक्रीवितरण गरिँदै आएको शाखाले जनाएको छ।

## ५३ किलोभन्दाबढी गाँजा बरामद

टुडे समाचारदाता

लहान। प्रहरीले सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकाबाट ५३ किलोभन्दा बढी अवैध लागूऔषध गाँजा बरामद गरेको छ।

गएराति इलाका प्रहरी कार्यालय महेशवारीबाट खटिएको गस्ती टोलीले सखुवानन्कारकट्टी गाउँपालिका-४ सिमरास्थित बलान खोलाबाट ५३ किलो ४६५ ग्राम गाँजा जस्तो देखिने पदार्थ बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार राति करिब ११:५० बजे नियमित गस्तीमा रहेको प्रहरी टोलीलाई देखेपछि चार जना व्यक्तिले टाउकोमा बोकेर ल्याइरहेका चार वटा प्लास्टिकका बोरा बाटोमै फालेर फरार भएका थिए।

प्रहरीले तत्काल ती बोरा नियन्त्रणमा लिएर जाँच गर्दा गाँजा जस्तो देखिने पदार्थ फेला पारेको थियो। बरामद पदार्थलाई प्रहरी कार्यालयमा ल्याई तौल गर्दा ५३ किलो ४६५ ग्राम रहेको पुष्टि भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार लागूऔषध ओसारपसारमा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी भइरहेको छ। घटनाबारे थप अनुसन्धानसमेत अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।




# भूमि समस्या समाधानका लागि थप प्रयास शुरु

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीका विभिन्न स्थानीय तहमा भूमि सम्बन्धी समस्या समाधानको कामलाई थप गति दिने कार्य अघि बढाइएको छ।



भूमि समस्या समाधान समितिको कामलाई प्रभावकारी र द्रुत गतिमा अघि बढाउने उद्देश्यले शुक्रबार एकडारा गाउँपालिका, औरही नगरपालिका र बलवा नगरपालिकामा समन्वय बैठक सम्पन्न गरिएको हो।

बैठकमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका समस्या समाधानका लागि भइरहेका काम, अभिलेख व्यवस्थापन, आवश्यक कागजात संकलन तथा आगामी प्रक्रियालाई तीव्रता दिने विषयमा छलफल गरिएको थियो।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले भूमिसम्बन्धी समस्या लामो समयदेखि नागरिकसँग जोडिएको संवेदनशील विषय भएकाले यसको समाधानमा सबै पक्षबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए। उनले स्थानीय तह, भूमि समस्या समाधान समितिका पदाधिकारी तथा सम्बन्धित कार्यालयबीच समन्वय र सहकार्य बलियो बनाएर प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिए। 'भूमिसम्बन्धी समस्या समाधानको काम कागजी प्रक्रियामै सीमित नराखी वास्तविक लाभग्राहीले समयमै परिणाम पाउने गरी कामलाई तीव्रता दिनुपर्छ' उनले भने।

बैठकमा स्थानीय तहमा भूमि समस्या समाधानका क्रममा देखिएका व्यावहारिक कठिनाइ, आवश्यक तथ्यांक तथा कागजातको व्यवस्थापन र सम्बन्धित निकायबीचको समन्वयका विषयमा समेत छलफल गरिएको जनाइएको छ।

भूमि समस्या समाधान समितिले जिल्लाका विभिन्न स्थानीय तहमा पुगेर समन्वय तथा अनुगमनलाई निरन्तरता दिइरहेको छ। शुक्रबारको बैठकले सम्बन्धित पालिकामा भूमिसम्बन्धी समस्या समाधानको प्रक्रिया थप व्यवस्थित र गतिशील बनाउने अपेक्षा गरिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८